जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३३८ • २०८३ साल बैशाख २४ गते बिहीबार (7 May, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## खाताबाटै रकम चोरी घटना वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समय बैंक खाताबाट रकम चोरी हुने घटनामा वृद्धि हुन थालेपछि नेपाल प्रहरी साइबर ब्यूरोले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरिले जारी गरेको प्रेस विज्ञप्तिमा अज्ञात तथा आपराधिक गिरोहहरूले मोबाइल प्रयोगकर्ताहरूलाई लक्षित गरी ठगी गर्ने नयाँ तरिका अपनाइरहेको जनाइएको छ ।

ती गिरोहहरूले 'कनेक्ट आइपिएस' जस्ता सेवासँग मिल्दोजुल्दो नाम प्रयोग गरी विभिन्न मोबाइल नम्बरहरूबाट सन्देश पठाउने गरेको पाइएको विज्ञप्तिमा उल्लेख छ ।

सो सन्देशमा 'तपाईंको खाता लक गरिएको छ' भन्दै पुनः पहुँच प्राप्त गर्न 'एक्सेस रिजन' गर्न आग्रह गरिन्छ र त्यसका लागि विभिन्न शंकास्पद लिंकहरू पठाइन्छन् । प्रयोगकर्ताले ती लिंकमा क्लिक गरेपछि व्यक्तिगत विवरण संकलन गरी बैंक खातामा अनधिकृत पहुँच पुऱ्याइ ठूलो मात्रामा रकम चोरी गर्ने गरिएको साइबर ब्यूरोले जनाएको छ । ब्यूरोले यस्ता साइबर अपराधबाट जोगिनका लागि सुझावहरू दिएको छ ।

### सरकारलाई दिएको समर्थन जनमतले लिए फिर्ता

# तत्कालका लागि मधेशमा जोगियो कृष्ण यादवको सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीद्वारा आफ्नै नेतालाई पाखा लगाइ मधेश प्रदेश सरकार ढाल्ने योजनामा ब्रेक लागेको छ ।

मधेश प्रदेश सरकारमा सहभागी जनमत पार्टीले दिएको समर्थन औपचारिक रूपमा फिर्ता लिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । जनमत पार्टीका महासचिवसमेत रहेका प्रदेशसभा सदस्य चन्दन सिंहलाई संसदीय दलको नेतामा चयन गर्दै मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको जनाएको थियो ।

प्रदेश प्रमुखको कार्यालयले बुधबार एक विज्ञप्ति जारी गर्दै जनमत पार्टीले यही २०८३ वैशाख २२ गतेदेखि लागु हुने गरी सरकारलाई दिएको समर्थन फिर्ता लिएको जनाएको छ ।

जारी गरिएको विज्ञप्तिमा नेपालको संविधानको धारा १६८ को उपधारा (२)बमोजिम गठन भएको मधेस प्रदेश सरकारलाई जनमत पार्टीले दिएको समर्थन फिर्ता लिएको पत्रमा उल्लेख गरिएको छ ।

सिंहले प्रदेश सरकारबाट दिएको समर्थन फिर्ता लिएको भन्दै वैशाख २२ गते मंगलबार जनमत पार्टी संसदीय दलका नेता समेत रहेका अर्थमन्त्री महेशप्रसाद यादवले समर्थन फिर्ता नलिएको भनी अर्को पत्र बुझाएका थिए ।

तर जनमत पार्टीले सिंहलाई दलको नयाँ नेता चयन गरिएको भन्ने पत्र पठाएपछि सिंहकै पत्रलाई सदर गरिएको छ । जनमतले सरकारलाई दिएको



समर्थन फिर्ता लिएसंगै मधेश प्रदेशको राजनीतिक समीकरणमा परिवर्तन हुने संकेत देखिएको छ । तर केन्द्रीय राजनीतिमा भएको उथलपुथलका कारण तत्कालै मधेश प्रदेशमा सरकार परिवर्तन हुने सम्भावना भने न्यून नै छ ।

कांग्रेसलाई एकल्याएर एमाले, जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टी मिलेर नयाँ सरकार बनाउने प्रयास थाले पनि अन्तिम समयमा भने सो प्रयास तत्कालका लागि हेर र पर्खको नीतिमा अलमलिएको छ ।

जसपा नेपालले लोसपा नेपालसहितका एकीकृत सांसद जोडेर ठूला दलको हैसियतमा नेतृत्व लिने दाउमा रहे पनि एमालेले पनि आफ्नो दाबीलाई कायमै राखेको थियो । तर कुनै एक दललाई चिढ्याएर प्रदेश सरकार फेरबदल गर्दा जनतामा नकारात्मक सन्देश प्रवाह हुने भन्दै तत्कालका लागि मुख्यमन्त्री कृष्णप्रसाद यादवका प्रदेश सरकार परिवर्तन हुने खतरा टरेको छ ।

सरकार फेरबदलको खेल शुरु हुनासाथ एमाले, जसपा, जनमतले मुख्यमन्त्री पद पड्काउनका लागिपरेका थिए ।

जसपा नेपाल भित्र लोसपा समूहका जितेन्द्र सोनल र तत्कालीन जसपाका नेता सरोज कुमार यादव मुख्यमन्त्रीका लागि दौडधुपमा लागेका छन् ।

जनमत पार्टीले आफ्नै पार्टीको सरकारलाई ढाल्ने यो दोस्रो घटना हो । यसअघि जेन- जी आन्दोलनको क्रममा आफ्नै पार्टीका सतीशकुमार सिंह नेतृत्वको सरकार ढालेर कांग्रेसका कृष्ण प्रसाद यादव नेतृत्वमा नयाँ सरकार बनाएको थियो । अब आफू सहभागी सरकारलाई पुनः ढालेर जसपा नेतृत्वको सरकार बनाउने योजना अनुसार अघि बढे पनि असफल भएको छ ।

सत्ता समीकरण फेरबदलमा मधेश प्रदेशका संसदीय राजनीतिक दल लागिपरे पनि अन्तिम समयमा रोकिएको छ । केन्द्रीय राजनीतिकबाट विमुख भइसकेका कांग्रेस, नेकपा र जसपा नेपालका शीर्ष नेताहरुले तत्काल प्रदेश सरकार फेरबदलको खिचातानीमा नलाग्नका लागि निर्देशन दिएका छन् ।

कांग्रेसका सभापति गगन थापा, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेश सरकार फेरबदलमा तत्काल नलाग्न निर्देशन दिएपछि केही समयका लागि सरकार परिवर्तनको राजनीति खेलबाट मुख्यमन्त्री यादवको पद जोगिएको छ ।

मधेश प्रदेश सरकारबाट जसपा, लोसपा र नेकपा एमालेले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने आन्तरिक तयारी गरिसकेका थिए ।

मधेश प्रदेश सभामा १०१ सदस्यमध्ये कांग्रेसका २२, एमालेका २४, नेकपाका १५, जसपा नेपालका २६, जनमतका १२, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टीका १/१ जना सांसद छन् ।

लोसपाका अभिराम शर्मा, जसपाका सरोजसिंह कुशवाहा र राप्रपाकी कञ्चन बिच्छा निलम्बित छन् भने जनमतका सतीशकुमार सिंह, नेकपाका भरतप्रसाद साह र रहबर अनसारी प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुँदा प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए ।

मधेश प्रदेश सरकारविरुद्ध असन्तुष्टि कायमै रहे पनि केन्द्रीय नेताको हस्तक्षेपका कारण सत्ता समीकरण परिवर्तन टरेको छ । तर जनमत पार्टीभित्रको द्वन्द्व भने उग्र रुपमा अघि बढेको छ ।

आफ्नै नेतालाई पाखा लगाएर संसदीय दलको नेता फेरबदल र सरकारलाई दिएको समर्थन फिर्ताले मधेश प्रदेशको राजनीतिमा तरंग उत्पन्न गरिए पनि यसको प्रभाव भने नपरेपछि जनमत भित्रकै आन्तरिक किचलो सतहमा देखिएको छ ।

यसले जनमत पार्टी प्रतिको आकर्षण भन्दा पनि स्वार्थसिद्ध राजनीतिमा केन्द्रित हुँदा जनमतका अध्यक्ष सीके राउतमाथि पनि प्रश्न तेर्सिएको उनी निकटकै नेताहरुले बताउन थालेका छन् । जनमतका एक नेताले भने, 'यहीँ कारणले प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मधेश प्रदेशसहित देशबाट नै तिरस्कृत हुनु पर्दा पनि कमिसनको चक्करमा पार्टीलाई सिध्याउने खेलमा लाग्नु दुःखद हो ।'

# मधेशमा स्वास्थ्य र शिक्षाका करार कर्मचारी हटाउन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले करारका कर्मचारीहरुलाई हटाउन मधेश सरकारलाई निर्देशन दिएको छ ।

स्थानीय तहमा भ्रष्टाचार, बेथिति, विसंगति र ढिला सुस्ती बढिरहेको भन्दै यसलाई निर्मूल गर्नका लागि प्रधानमन्त्री बालेनको निर्देशनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २७ बुँदे कडा निर्देशन जारी गर्दै मधेश प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रका करार कर्मचारीलाई हटाउन भनिएको छ । निर्देशन गरिएको २७ बुँदेमा १६ वटा बुँदा मधेश प्रदेशकै लागि रहेको छ ।



निर्देशनको ६, ७ र ८ नम्बर बुँदा करार कर्मचारी हटाउनैमा केन्द्रित छन् । बुँदा ६ मा मधेशको शिक्षा र स्वास्थ्यमा करारको र कर्मचारी तुरन्त हटाऔं भन्दै ठाडो निर्देशन गरिएको छ । यस्तै बुँदा नम्बर ७ मा स्थानीय तहमा करार नियुक्तिको बिगबिगी रहेकाले लोकसेवाबाट मात्र कर्मचारी भर्ना व्यवस्था गर्नु र बुँदा नं. ८ मा मधेशमा विशेष गरी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुधारको लागि विभिन्न करारका कर्मचारी तथा निमित कर्मचारीहरुलाई हटाएर योग्यताको आधारमा पदपूर्ति गर्ने निर्देशन दिइएको छ ।

केही दिनअघि प्रतिनिधिसभाका सांसदहरूले प्रधानमन्त्री बालेनलाई भेटेर स्थानीय तहमा भइरहेको प्रशासनिक झमेला, भ्रष्टाचार र करारका कर्मचारीको बिगबिगीबारे नालीबेली सुनाएका थिए ।

सांसदहरूकै गुनासोलाई आधार मानेर प्रधानमन्त्री कार्यालयले गत वैशाख १० गते संघीय मामिला मन्त्रालयलाई तत्काल कदम चाल्न पत्राचार गऱ्यो । त्यही पत्रको जगमा टेकेर वैशाख २१ गते मन्त्रालयले विभिन्न पालिकालाई प्रदेशगत समस्या तोकेरै सुध्रिने 'अल्टिमेटम' पठाएको छ ।

मधेशका १३६ वटा स्थानीय तहले प्रक्रिया नै नपुऱ्याइ आफ्ना कार्यकर्ता, आसेपासे र आफन्तलाई विद्यालयदेखि कार्यालयसम्म करारमा भर्ना गरिएको कारण भ्रष्टाचार बढेको, काममा ढिला सुस्ती भइरहेको र चरम बेथिति रहेको भनेर सांसदहरुले प्रधानमन्त्री बालेनलाई गुनासो गरेका थिए ।

पर्साका सांसदहरुले स्थानीय सरकारहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेकको गुनासो गरेपछि सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका नियमन निकायलाई विशेष निर्देशन दिइ परिचालन गर्ने जनाएको छ । साथै स्थानीय तहलाई वित्तीय अनुशासन कायम गर्न कडा निर्देशन दिइएको छ ।

पर्सा-२ बाट जितेका रास्वपाका सांसद सुशील कुमार कानूले स्थानीय तहका विषयमा भ्रष्टाचार भन्दा पनि प्रशासनको साटो पशु, कृषि, स्वास्थ्य क्षेत्रका कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर पठाउने गरेको गुनासो गरेका थिए ।

उनका अनुसार स्थानीय तहमा प्रशासनतर्फको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउनुपर्ने नियम छ । तर पर्साका पालिकाहरू जस्तैः वीरगन्ज महानगरपालिकामा शिक्षाको हाकिम बनाइएको, अन्य पालिकामा पशु सेवाका कर्मचारीलाई प्रशासकीय अधिकृत बनाएर आर्थिक कारोबारको जिम्मा दिइएको छ ।

यसरी जसलाई पायो त्यसलाई हाकिम बनाउँदा समस्या भएको भन्दै प्रधानमन्त्रीसँग प्रशासनतर्फकै कर्मचारीलाई मात्र प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइयोस् भन्ने सुझाव आफूले राखेको उनले बताएका छन् ।

यस्तै, मधेश प्रदेशका विभिन्न स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्य गर्ने पद्धतिको अन्त्य गर्न निर्देशन दिइएको छ । मधेश प्रदेशमा सामाजिक सुरक्षा भत्ता समयमा नपाउने र भत्ता लिनका लागि आफ्नो गाउँबाट टाढा बैंकमा पुगेर घन्टौं घाममा लाइन बस्नुपर्ने बाध्यता रहेको सेवाग्राहीहरूको गुनासो छ । त्यो झन्झट अन्त्य गर्न समयमै रकम माग गर्ने र बैंकमार्फत वा वडाकै समन्वयमा घरमै भत्ता पुऱ्याउने व्यवस्था मिलाउन भनिएको छ ।

संघीय मामिला मन्त्रालयले मधेश प्रदेशका अन्य निर्वाचन क्षेत्रको नाम नतोकेपनि धनुषा-२ को नाम नै तोकेर निर्देशन दिएको छ । धनुषा- २ का स्थानीय तहका कर्मचारीले साधारण काममा पनि हप्ता दिन कुराएर जनतालाई सास्ती दिएको भन्दै मन्त्रालयले कार्यसञ्चालन कार्यविधि बनाएर लागु गर्न र आचारसंहिता नमान्नेलाई कारबाही गर्न निर्देशन दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट निर्वाचित सांसद रामविनोद यादवले त्यस विषयमा प्रधानमन्त्री बालेन र संघीय मामिला मन्त्री प्रतिभा रावलसँग भेटेरै गुनासो राखेका थिए ।

पहुँच र शक्तिको भरमा कर्मचारीको सरुवा हुने कुनै प्रशासकीय अधिकृतले मेयर (नगर प्रमुख)ले भनेको मानेन भने दुई महिनामै सरुवा हुने, मेयरले भनेअनुसार काम गर्ने हो भने त्यहाँ विभिन्न बेथिति र अनियमितता हुने गरेको यादवले प्रधानमन्त्री समक्ष गुनासो गरेका थिए ।

त्यसैगरी उनले संघीय मामिला मन्त्रीसमक्ष पनि कमला नगरपालिकामा आन्तरिक विवादका कारण झण्डै एक वर्षसम्म नगरसभा नहुँदा त्यहाँका शिक्षक र कर्मचारीले तलब नै नपाएको गुनासो गरेका थिए ।

मधेश प्रदेशका अन्य स्थानीय तहको हकमा तोकिएको समयमै अनिवार्य गाउँसभा र नगरसभा गर्न निर्देशन दिइएको छ । सबै स्थानीय तहमा तत्काल उजुरी पेटिका राख्नुपर्ने, एकद्वार सेवा प्रणाली लागु गर्नुपर्ने र विकास आयोजनाको नियमित अनुगमन गर्नुपर्ने मन्त्रालयको निर्देशन छ ।



# चितुवाको आक्रमणबाट एक घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । चितुवाको आक्रमणबाट धनुषाको मिथिला नगरपालिका-७ केमलीपुरमा एक जना घाइते भएका छन् ।

बुधबार बिहान स्थानीय ४८ वर्षीय किर्तिमान विक चितुवाको आक्रमणमा परेर घाइते भएका हुन् । इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार घाइते विकको उपचार ढल्केबरस्थित एक निजी स्वास्थ्य संस्थामा भइरहेको छ ।

उनको अवस्था सामान्य रहेको र शरीरको ढाड लगायतका भागमा चोट लागेको प्रहरीले जनाएको छ । वडा अध्यक्ष रामबहादुर स्याङ्दनका अनुसार नीलगाई नियन्त्रणका लागि लगाइएको तारजालीमा चितुवा फसेको थियो । सोही जानकारी पाएपछि घटनास्थल पुगेका विकमाथि चितुवाले आक्रमण गरेको हो । यो समाचार लेख्दासम्म चितुवा तारजालीमै फंसेको अवस्थामा रहेको बुझिएको छ । चितुवाको सुरक्षित उद्धारका लागि वन कार्यालय तथा सुरक्षाकर्मीलाई खबर गरिसकिएको वडा अध्यक्ष स्याङ्दनले जानकारी दिए ।

# आँखा शिक्षा सम्बन्धी तालिम




**टुडे समाचारदाता**

मलंगवा । आँखा स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतनामुलक तालिम सर्लाहीको बरहथवा नगरपालिकास्थित सीतापुर सामुदायिक विद्यालयमा सम्पन्न भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक सहयोग तथा नेपाल नेत्र ज्योति संघद्वारा संचालित गौर आँखा अस्पतालको प्राविधिक सहयोगमा ३१ जना निजी विद्यालयको शिक्षकशिक्षिकाहरुलाई विद्यालय तहबाटै आँखासम्बन्धी सचेतना फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

तालिममा वरिष्ठ नेत्र अधिकृत मदनकुमार चौधरी, राजीव यादव र सत्येन्द्र पाण्डेयले आँखामा लाग्ने विभिन्न रोग, अन्धोपन तथा बालअन्धोपन न्यूनीकरणका उपायबारे विस्तृत रुपमा जानकारी गराउँदै समयमै रोग पहिचान र उपचारको महत्त्वबारे बताएका थिए ।

कार्यक्रममा विद्यालय स्तरमै आँखा स्वास्थ्यमा ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिदैं बालबालिकालाई विद्यालय भर्ना गर्नु अघि अनिवार्य "आँखा निरोगिता प्रमाणपत्र" लागू गर्ने कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा बताइएको थियो ।

"अन्धोपन तथा बालअन्धोपन न्यूनीकरण–हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी" भन्ने मूल सन्देश सहित सम्पन्न भएको तालिमले भविष्यमा सम्भावित दृष्टि समस्या घटाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ ।

# बस्ती खाली गर्दा तीन विद्यालय भत्किए, विद्यार्थीको शिक्षा निरन्तरताका लागि स्थानान्तरण



काठमाण्डु । काठमाण्डु उपत्यकाका नदी किनारका अतिक्रमित तथा सुकुमवासी बस्ती हटाउने क्रममा भत्काइएका तीन सामुदायिक विद्यालयका विद्यार्थीले नजिकैको विद्यालयमा पढ्न थालेका छन् ।

बस्ती खाली गर्ने क्रममा भत्काइएको काठमाण्डु महानगरपालिका-१६ बालाजुस्थित बुद्धज्योति बाल उद्यान आधारभूत विद्यालय र बालकल्याण आधारभूत विद्यालयका छात्रछात्रालाई नजिकैको सामुदायिक विद्यालयमा स्थानान्तरण गरिएको छ। काठमाडौँ महानगरपालिकाका शिक्षा अधिकृत नेत्रप्रसाद पौडेलले दुवै विद्यालयमा विद्यार्थी, शिक्षक र सम्पत्ति व्यवस्थापन हुने बताउनुभयो ।

बुद्धज्योतिलाई नजिकैको कामनापा- १६ कै तरुण माध्यमिक विद्यालयमा र बालकल्याणलाई कामनपा १७ को नेपाल युवक मावि, पकनाजोलमा स्थानान्तरण गरिएको छ । बालकल्याणमा पनि १२० जना विद्यार्थी थिए । बुद्धज्योतिमा रहेका प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्ममा १२० विद्यार्थीमध्ये ४५ जना तरुण माविमा भर्ना भइसकेका उक्त माविका प्रधानाध्यापक बाबुराम न्यौपानेले जानकारी दिनुभयो ।

बुद्धज्योतिका ११ जना शिक्षक पनि तरुण माविमा स्थानान्तरण भएका छन् । काठमाडौँ महानगरपालिकाको शिक्षा विभागले स्थानान्तरणको पत्र दिएसँगै आफूहरु तरुण माविमा हाजिर भई काम गर्न थालेको बुद्धज्योतिका तत्कालीन प्रधानाध्यापक सन्तराम श्रेष्ठले बताउनुभयो । आफूहरुले त्यहाँका विद्यार्थी र अभिभावकसँग सम्पर्क गरेर तरुण माविमा आउन चाहने सबैलाई त्यहाँ भर्ना हुन भनिरहेको श्रेष्ठले जनाउनुभयो ।

बुद्धज्योतिका विद्यालय व्यवस्थापन समितिका सदस्य अष्टमाया लामाले "हाम्रो विद्यालयको सबै सामान र बच्चाहरु को कता भन्ने स्पष्ट भइसकेको छैन । सम्भव हुने जतिलाई तरुण माविमा जान भनेका छौँ ", भन्नुभयो ।

काठमाडौँ महानगरपालिकाले बस्ती खाली गर्ने क्रममा विस्थापित भएका बालबालिकालाई सामुदायिक विद्यालयका साथै निजी तथा आवासीय विद्यालयमा पनि निःशुल्क भनाए गराउन पहल गरेको छ। महानगरका कार्यवाहक प्रमुख सुनीता डङ्गोलका आग्रहपछि निजी शिक्षालय सञ्चालकका संस्थाहरुले नेपाल सरकारद्वारा काठमाडौँ उपत्यकाका विभिन्न नदी किनार तथा मुलुकका विभिन्न जोखिमयुक्त स्थानमा रहेका सुकुमवासी बस्ती खाली गराउँदा प्रभावित भएका समुदायका बालबालिकाको पढाइमा आफूहरुले रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रभावित तथा वास्तविक सुकुमवासी परिवारका बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चितका लागि आवश्यक सहयोग र सहजीकरण गर्न आफूहरु तत्पर रहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेश (प्याब्सन)का महासचिव आरबी कटवालले बताउनुभयो ।

सरस्वती आधारभूत विद्यालय सामुदायिक भवनमा

संरचना हटाउने क्रममै भत्किएको भक्तपुरको मनोहरा खोला नजिकको सरस्वती आधार भूत विद्यालय, हाललाई मध्यपुरथिमी नगरपालिकाका वडा नम्बर १ कार्यालय, अगाडिको सामुदायिक भवन, लोकन्थलीबाट सञ्चालन गर्न थालिएको वडाध्यक्ष बाबुकाजी डङ्गोलले जानकारी दिनुभयो । नगरपालिकाका सूचना अधिकारी एवं वरिष्ठ कानुन अधिकृत केशव सिलवालले नगरप्रमुख सुरेन्द्र श्रेष्ठस्तरीय निर्णयबाट हाललाई सरस्वती माविलाई अर्को भवनबाट सञ्चालन गराइएको र त्यहाँ आवश्यक अस्थायी प्रबन्ध गरिने बताउनुभयो । सो विद्यालयमा पनि १२० विद्यार्थी थिए ।

बाल अधिकारकर्मी तिलोत्तम पौडेलले प्रभावित क्षेत्रमा बालबालिकालाई नजिकैको निजी विद्यालयमा निःशुल्क भर्ना गर्ने, आवश्यकताअनुसार आवास तथा यातायातको व्यवस्थापन गर्ने, मनोवैज्ञानिक सहयोगको उपयुक्त व्यवस्था र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला एक भएर अघि बढ्न आग्रह गर्नुभयो । रासस

# राष्ट्रियस्तरका १२ ट्रेड युनियनको दर्ता खारेज




काठमाण्डु । सरकारले निजामती सेवा र स्वास्थ्य सेवाका राष्ट्रियस्तरका १२ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको छ । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले आज नेपाल निजामती सेवा ऐन, २०७४ अनुसारका आठ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गतका चार वटा ट्रेड युनियनको दर्ता खारेज गरेको हो ।

निजामती अन्तर्गतका नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी सङ्घ, मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी सङ्गठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठन नेपालको दर्ता खारेज भएको छ ।

यस्तै स्वास्थ्य सेवाअन्तर्गतका नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी सङ्घ र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी सङ्गठनको पनि दर्ता खारेज गरिएको विभागका प्रवक्ता मणिनाथ गोपले जनाएको छ ।

निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन २०७०) अन्तर्गत ती ट्रेड युनियन विभागमा दर्ता भएका थिए । वर्तमान सरकारले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत सार्वजनिक सेवामा रहेका ट्रेड युनियनसम्बन्धी व्यवस्था हटाएको थियो । सो अध्यादेश राष्ट्रपतिबाट जारी भएसँगै ती सेवाका राष्ट्रियस्तरका ट्रेड युनियन निष्क्रिय भएका थिए । रासस

# एघार जना सहसचिवको सरुवा





काठमाण्डु । सरकारले ११ जना सहसचिवको सरुवा गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आज सार्वजनिक गरेको हो । सो निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव मुकेश रेग्मीलाई विद्युतीय सुशासन आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव आदेश खड्कालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गरिएको छ । गृह मन्त्रालयअन्तर्गतका सहसचिव नमराज घिमिरेलाई मुस्लिम आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव रामकृष्ण पुडासैनीलाई अर्थ मन्त्रालय, अर्थ मन्त्रालयका सहसचिव कृष्णकुमारी श्रेष्ठलाई उद्योग र युवा तथा खेलकुद मन्त्रालयमा काजमा रहेका सहसचिव रमेश ढकाललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत सरुवा गरिएको छ ।

सरकारले अर्थ मन्त्रालयका सहसचिव रामदत्त भट्टलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, मुस्लिम आयोगका सहसचिव रमेश न्यौपानेलाई राष्ट्रिय सूचना आयोग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत अतिरिक्त समूहमा रहेका सहसचिव सन्तोषकुमार दाहाललाई राष्ट्रपतिको कार्यालयमा सरुवा गरिएको छ ।

त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव अनिलकुमार दत्तलाई सञ्चार मन्त्रालय, सञ्चार मन्त्रालयअन्तर्गत रहेका सहसचिव श्रीचन्द्र शाहलाई अर्थ मन्त्रालयअन्तर्गत सरुवा गरिएको छ । रासस

# नेपालको परराष्ट्र नीति र बाह्यसम्बन्धबारे पुस्तक सार्वजनिक




काठमाण्डु । पूर्वराजदूत यज्ञबहादुर हमालद्वारा लिखित नेपालको परराष्ट्र नीति र बाह्यसम्बन्धबारे अध्ययनमूलक पुस्तक 'नेपाल्स फरेन पोलिसी एन्ड फरेन रिलेसन्स' सार्वजनिक भएको छ । उक्त कृतिमा नेपालको परराष्ट्र नीति र कूटनीतिक अभ्यासलाई ऐतिहासिकदेखि समसामयिक आयामसम्म समग्र रूपमा विश्लेषण गरिएको छ ।

पुस्तकमा नेपालको परराष्ट्र सम्बन्धको प्रारम्भ प्राचीन तथा मध्यकालीन युगदेखि आधुनिक कालसम्म समेटिएको छ । राणा शासनकालको एकाकी नीति र सीमित समायोजन, त्यसपछिको प्रजातन्त्र उदयसँगै विश्वसँगको सम्बन्ध विस्तार, पञ्चायत कालको राष्ट्रवादी दृष्टिकोण तथा प्रजातन्त्र पुनःस्थापनापछि विकसित बहुलवादी स्वरूपलाई क्रमिक रूपमा व्याख्या गरिएको छ ।

यसका साथै देशगत सम्बन्ध, राष्ट्रिय हित, असंलग्नता र तटस्थता, राष्ट्रिय सुरक्षा, अन्तरराष्ट्रिय व्यापार, विकासका लागि बाह्य वित्त, क्षेत्रीय सहकार्य प्रवर्द्धनलगायत विषय समेटिएका छन् । अन्तरराष्ट्रिय मञ्चहरूमा नेपालको भूमिका, विश्वव्यापी समस्याहरू तथा तिनका समाधानका लागि राष्ट्रिय पहलसम्बन्धी पक्षहरू पनि पुस्तकमा समावेश गरिएका छन् ।

ऐतिहासिक स्रोत, कूटनीतिक अभ्यास र शैक्षिक दृष्टिकोणको संयोजनमार्फत पुस्तकले नेपालको बाह्य सम्बन्धको स्वतन्त्र, सन्तुलित र निष्पक्ष विश्लेषण प्रस्तुत गरेको छ । परराष्ट्र नीति निर्माण र कार्यान्वयनमा संलग्न पक्षहरूको सफलता वा असफलता उनीहरूमै निहित रहने उल्लेख गर्दै लेखकका व्यक्तिगत अनुभव र विचारहरू पनि पुस्तकमा समेटिएका छन् ।

नेपाली इतिहासकार, विदेशी लेखक, संस्थागत प्रकाशन, अनुसन्धान अध्ययन तथा अनलाइन स्रोतहरूको आधारमा तयार गरिएको उक्त कृतिमा वर्तमान तथा भविष्यका लागि उपयोगी नीति विकल्पहरू पनि प्रस्तुत गरिएको छ । व्यापक विषयवस्तु र विश्लेषणात्मक गहिराइका कारण यो पुस्तक परराष्ट्र सम्बन्ध र कूटनीतिमा रुचि राख्ने पाठक तथा अध्येताका लागि उपयोगी र सङ्ग्रहणीय कृतिका रूपमा रहने अपेक्षा गरिएको छ ।

ओम सिद्धार्थ पब्लिकेशनलद्वारा प्रकाशित ५५४ पृष्ठको उक्त पुस्तकको मूल्य रु एक हजार २५० तोकिएको छ । प्रस्तुत पुस्तक काठमाडौँका प्रमुख पुस्तक पसलहरूमा पाइने लेखक हमालले राससलाई बताउनुभयो । रासस

# तोडफोडका आरोपी धरौटीमा रिहा



**टुडे समाचारदाता**

राजविराज । जेनजी आन्दोलनको क्रममा सार्वजनिक सम्पत्तिमा तोडफोड गरेको आरोपमा पक्राउ परेका राजकिशोर यादव ३५ हजार धरौटीमा छुटेका छन् ।

सप्तरी जिल्ला अदालतले ३५ हजार धरौटीमा छाड्न आदेश दिएको हो । जिल्ला न्यायाधीश शम्भु गौतमको इजलासले यादवलाई धरौटीमा छाड्ने आदेश दिएको हो । यादवमाथि बोदेबर्साइन नगरपालिका कार्यालय, इलाका प्रशासन कार्यालय रहेको सरोज रानीसिँह यादवको घरमा भएको तोडफोडमा संलग्न रहेको आरोप छ ।

उनीविरुद्ध बोदेबर्साइन नगरपालिकाका मेयर आतेशकुमार सिंह र सरोज रानीसिँह यादवले जाहेरी दिएका थिए । सोही जाहेरीका आधारमा यादवसहित ११ जनाविरुद्ध गत फागुन १४ गते आपराधिक उपद्रवसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको थियो ।

उनी बुधबार सप्तरी जिल्ला अदालतमा हाजिर भएका थिए । सोही मुद्दाका अन्य अभियुक्त राजुकुमार यादव, रमेशकुमार साह र सुरेन्द्रप्रसाद साह यसअघि नै धरौटीमा रिहा भइसकेका छन् ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सम्बन्ध सुदृढ बन्नेछ तथा व्यापार र व्यवसायको क्षेत्रमा उन्नति हुनेछ ।
वृष : नियमित खर्चसमेत बढ्ने योग छ ।
मिथुन : मातापिता र अभिभावक वर्गसंग राम्रो हुनेछ ।
कर्कट : रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।
सिंह : कामबाट लाभ हुने सम्भावना छ । लगानी गर्नु राम्रो हुन्छ ।
कन्या : दाम्पत्य जीव्न सुखद तथा समृद्ध बन्ने देखिन्छ । आम्दानी प्रशस्तै बढ्नेछ ।
तुला : नेतृत्व लिएर काम गरेको जाति हुन्छ । पराक्रम र उत्साहमा कमी आउने छ ।
वृश्चिक : पढाइमा प्रगति हुनेछ । मनमा व्यवसाय वा पेशामा परिवर्तनको धारणा पलाउनेछ।
धनु : अधिकार प्राप्तिका लागि गरिएको पूतिस्पर्धामा विजयी भइनेछ ।
मकर : साथीसंगको भेटघाट रमाइलो हुनेछ, तर झगडा पनि हुन सक्छ ।
कुम्भ: मानसिक तनावबाट मुक्त हुन कठिन छ ।
मीन: कानूनी क्रियाकलापमा विजय प्राप्त हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रधानमन्त्री साहको स्वास्थ्य सल्लाहकारमा प्रा. डा. अग्रवाल



काठमाण्डु । सरकारले वरिष्ठ चिकित्सक एवं चिकित्सा शिक्षाविद् प्रा. डा. जगदीशप्रसाद अग्रवाललाई प्रधानमन्त्री वालेन्द्र साहको अवैतनिक स्वास्थ्य सल्लाहकारमा नियुक्त गरेको छ।

मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले डा अग्रवाललाई सो पदमा नियुक्त गर्ने निर्णय गरेको हो । त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम) का पूर्वडीनसमेत रहनुभएका डा अग्रवालले मुलुकको स्वास्थ्य नीति, सार्वजनिक स्वास्थ्यका चुनौती र चिकित्सा शिक्षाको सुधारका लागि प्रधानमन्त्रीलाई आवश्यक परामर्श दिनुहुनेछ।


उक्त नियुक्तिबारे जानकारी दिँदै प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले भन्नुभयो, "स्वास्थ्य क्षेत्रका अनुभवी र विज्ञ व्यक्तित्व प्रा डा अग्रवालको नियुक्तिले प्रधानमन्त्रीज्यूलाई मुलुकको स्वास्थ्य नीति र सेवा सुधारका लागि महत्त्वपूर्ण प्राविधिक सहयोग र सुझाव प्राप्त हुने विश्वास लिएका छौँ । आइओएम जस्तो गरिमामय संस्थाको नेतृत्व गरिसक्नुभएका उहाँले अवैतनिक रूपमा आफ्नो विज्ञता र समय राज्यलाई उपलब्ध गराउनुहुनेछ।"

प्रधानमन्त्री शाहले सार्वजनिक स्वास्थ्यलाई आफ्नो कार्यकालको मुख्य प्राथमिकतामा राख्नुभएको सन्दर्भमा डा अग्रवालको नियुक्तिलाई अर्थपूर्ण रूपमा हेरिएको छ। डा अग्रवालले राज्यबाट कुनै पनि पारिश्रमिक वा आर्थिक सुविधा नलिई केवल विशेषज्ञको रूपमा आफ्नो सेवा पुऱ्याउनुहुनेछ। रासस

# भारतीय केरा आयात रोकिँदा नेपाली केराले मूल्य पाउन थाले

बलेवा । बागलुङ नगरपालिका-१३ नयाँपुलका लीलाधर जैसीको केरा बारीमा हिजोआज दिनकै बजारका व्यापारीको बास हुन्छ । स्थानीय जातका केराको खोजीमा बागलुङ र कुश्मा बजारका व्यापारी दिनदिनै उहाँको बारी धाउँछन् ।

पछिल्लो छ महिनायता लीलाधर र उहाँको गाउँका किसानले केरा बेच्नका लागि बजार जानु परेको छैन । घरघरमै दिनदिनै आउने व्यापारीले केरा आफैँ खोज्छन्, आफैँले काट्छन् र गन्ती गरेपछि केराकै बोटको फेदमा पैसा बुझाउँछन् । यो देखेर यहाँका किसान दङ्ग छन् ।



भारतीय केराको आयात रोकिएपछि यहाँका स्थानीय केराको मूल्य बढेको छ । जाडो मौसममा प्रतिदर्जन रु ६० र गर्मी मौसममा प्रतिदर्जन रु ७० देखि ८० मा बिक्री हुँदै आएको केरा आजभोलि दर्जनको रु १०० पर्न थालेको छ। बजार जाने झन्झट नहुने र बारीमै केराको मूल्य बढी पाउँदा निकै खुसी लागेको जैसी बताउनुहुन्छ । दर्जनमा हिसाब हुने गाउँघरमा व्यापारीले किसानको बारीबाट नै केरा उठाएर थैलो भर्छन् । यहाँका किसानको दैनिकी धान्ने अर्को स्रोत केरा हो । नयाँ पुल आसपासका क्षेत्रमा केराखेती विस्तार हुँदै गइरहेको छ।

बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवाका किसान ईश्वरीप्रसाद शर्माले पनि पछिल्लो समय केराले राम्रो मूल्य पाएको बताउनुहुन्छ । बजारमा भारतीय केरा र नेपालको तराईको केरा आउँदा स्थानीय जातका केरा बिक्री गर्न कठिन हुने गरेको भए पनि पछिल्लो समय केराको माग उच्च रहेको उहाँले बताउनुभयो । "योबेला केरा फलाउन सकेको भए निकै राम्रो मूल्यमा बिक्री हुने रहेछ", जैमिनी नगरपालिका-१ कुश्मीशेराका किसान मोतीप्रसाद शर्माले भन्नुभयो, "अघिल्ला वर्षको तुलनामा यो वर्ष केराको माग उच्च छ।" माग र मूल्य दुवै बढेकाले केराखेती गरेका किसानले राहतको महसुस गरेको उहाँले बताउनुभयो।

वर्षात्को समयमा मात्रै कोदो र मकै फल्ने बारीलाई सदुपयोग गरेर यहाँका किसानले केराखेती गर्दै आएका छन् । "मकै र कोदोको मूल्य हिसाब गर्दा वर्षमा १८ हजार कमाई हुन्थ्यो, लगाउने गोड्ने दुःख त कति हो कति", शर्माले भन्नुभयो, "समयमा पानी र मल दिएपछि राम्रो फल्ने केराले अहिले मेरो दैनिकी नै बदलिएको छ ।" पछिल्लो समय गाउँका किसानले परम्परागत खेतीलाई परिवर्तन गरेर केराखेती गरेका छन् । मोतीप्रसाद शर्माले जस्तै जैमिनीका किसानले बाँझो जग्गा र खेतीयोग्य जमिनमा केराखेती गरेका छन् । किसानले केराका लागि आवश्यक मलको जोहो गर्न गाईभैँसी पालेका छन् । खानेपानीका लागि प्रयोग भइरहेको पानीलाई बचत गरेर केरामा सिँचाइ गर्छन्।

यहाँका किसानले स्थानीय रामरेखे लोकल, मालबोक, मुङ्ग्रे, धुसे, फुस्रे, जहाजी, चिनीकेरालगायत केराखेती गरेको जैमिनी नगरपालिकाका कृषि प्राविधिक रविन्द्र शर्मा बताउनुहुन्छ । कसैले व्यावसायिक खेती गरेका छन् भने केहीले आफ्नो धेरैथोरै जग्गामा दुई चार बोट मात्रै केरा लगाएरै अम्दानीसँग जोडिएका छन्।

बजारमा पनि पछिल्लो समय स्थानीय केराकै माग धेरै छ । स्थानीय जातको केरा पकाउनका लागि कुनै विषाधीको प्रयोग गर्न नपर्ने र खाँदा स्वादिलो भएकाले केराको माग उच्च रहेको बागलुङ बजारका व्यवसायी सागर सुवेदीले बताउनुभयो । "यहाँको केरा पाकेपछि पनि लामो समय टिक्छ, घाटा हुँदैन", सुवेदीले भन्नुभयो, "तराई र भारतको केराभन्दा व्यवसायी र उपभोक्ता दुवैलाई यो केरा फाईदा हुनेखालको छ ।" पछिल्लो समय केराको मूल्य बढाएरै किसानलाई भुक्तानी दिने गरिएको सुवेदीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो एक वर्षयता बागलुङ बजारमा केराको माग स्थानीय केराले नै धानेको छ।

बजारमा स्थानीय केराको मूल्यप्रति दर्जन रु १२० देखि १८० सम्ममा बिक्री हुने गरेको छ । एकद रुपमा तराईबाट आउने केराको मूल्य भने प्रतिदर्जन २५० भन्दा धेरै छ । बागलुङ बजारमा दर्जन बढी होलसेल व्यपारीमार्फत दैनिक १०० कार्टुनभन्दा धेरै भारतीय केरा भित्रिने गरेको थियो।


एक हजार ३०० देखि एक हजार ६०० प्रतिकार्टुन तिरेर यहाँका व्यवसायीले केरा खरिद गर्ने गरेका थिए। तर अहिले त्यो सबै माग स्थानीय केराले धानेको स्थाय थोक व्यवसायी खिमबहादुर केसीले बताउनुभयो । "यति नै भनेर तथ्याङ्क राखिएको त छैन तर दैनिक दुई लाख माथि केराको खरिदमा बाहिरिने गरेको थियो", केसीले भन्नुभयो, "मागेजति त पुगेको छैन, तर अहिले लोकल केराले अभाव हुन भने दिएको छैन।"

बागलुङका स्थानीय सरकारले पनि केराखेतीको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम बनाएका छन् । जैमिनी नगरपालिकाले 'शेरा जाउँ केरा खाउ' अभियान नै घोषणा गरेको छ । किसानलाई बीउ मल र बजारीकरणमा स्थानीय सरकारले सहयोग गर्ने गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो। रासस

# म्याग्दीको प्राकृतिक तातोपानी कुण्ड ओझेलमा

म्याग्दी । यहाँको धवलागिरि गाउँपालिका-४ बगरस्थित प्राकृतिक तातोपानी कुण्ड ओझेलमा परेको छ।

पूर्वाधारको अभाव, प्रचारप्रसारको कमी र उचित व्यवस्थापन नहुँदा प्राकृतिक उपचार र पर्यटकीयस्थल बनाउन सकिने तातोपानी कुण्ड ओझेलमा परेको हो । बगरको जेल्तुङ गाउँ नजिकै पहाडको फेदी र म्याग्दी नदीको किनारमा जमिनभित्रबाट ५० डिग्री सेल्सियस तापक्रममा प्राकृतिक रूपमा तातोपानी निस्कने मुहान रहेको छ।



तातोपानी कुण्डसम्म पुग्ने पदमार्गमा झोलुङ्गे पुल, स्नान गर्ने व्यवस्थित पोखरी र आश्रयस्थलको अभाव रहेको कुण्डको विशेषता र महत्व स्थानीयस्तरमै सीमित भएकाले ओझेलमा परेको धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो।

"बगर र आसपासका गाउँका बासिन्दाले प्राकृतिक उपचारका लागि प्रयोग गर्ने तातोपानी कुण्डलाई व्यवस्थित गर्ने प्रयासमा छौँ", उहाँले भन्नुभयो, "वर्षौंअघिदेखि हालसम्म सामान्य हिसाबले सञ्चालन हुँदै आएको तातोपानीलाई प्राकृतिक उपचारस्थलका रूपमा विकास गर्न व्यवस्थापन, पूर्वाधार निर्माण र प्रवर्द्धनको काम अघि बढाएका हौँ ।" बगरमा निर्माण सुरु भएको ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाको सामाजिक उत्तरदायित्व कार्यक्रममार्फत तातोपानी कुण्डमा महिला र पुरुषका लागि छुट्टाछुट्टै स्नान गर्न मिल्नेगरी पोखरी, आश्रयस्थललगायतका पूर्वाधार निर्माणको तयारी गरेको वडासदस्य तिलिजाले बताउनुभयो।

पूर्वाधार निर्माणका लागि जग्गा व्यवस्थापन भइसकेको छ । हाल ढुङ्गाले छाएको टहराभित्र रहेको पोखरीमा शरीर डुबाएर स्नान गर्ने व्यवस्था रहेको छ । बगरदेखि दोभान जोड्ने सडकदेखि तातोपानी कुण्ड जाने बाटोमा पर्ने म्याग्दी नदीमाथि झोलुङ्गे पुल निर्माणका लागि पनि पहल थालिएको छ।


यस तातोपानीको तलाउमा स्नान गरेमा चोटपटक लागेको, ढाड दुख्ने, छाला, गानोगोला, सर्केमर्केको, ग्यास्ट्रिकलगायत स्वास्थ्य समस्या निको हुने धवलागिरि-४ खिवाङका अमर रसाइलीले बताउनुभयो । "ढाड दुख्ने समस्या निको हुने भएकाले हरेक वर्ष १० देखि १५ दिनसम्म तातोपानी डुब्न आउने गरेको छु", उहाँले भन्नुभयो, "तातोपानीमा दैनिक दुईदुई घण्टाका दरले शरीर डुबाएर पानी थेरापी गरेपछि चिसो लाग्दैन, चोटपटक लागेको, खाना अरुचि हुने समस्या पनि निको हुने अनुभव छ।"

हाल बगर, मुदी, नाउरा, खिवाङ, मल्कवाङ, मलम्पार, मराङ, बिम, मुनाका बासिन्दा यहाँको तातोपानी कुण्डमा शरीर डुबाएर स्नान गरी उपचारका लागि आउने गरेका छन् । वार्षिक दुई सयदेखि तीन सय जनाले तातोपानी स्नान गर्न आउने गरेका छन् । बगर गाउँदेखि १० मिनेट पैदलयात्रा गरेपछि पुगिने तातोपानी कुण्ड नजिकैसम्म हालै सडक यातायातको सुविधा पनि पुगेको छ।

यस तातोपानी कुण्ड र सँगै रहेको अर्मके झरनालाई व्यवस्थित गर्न सकेमा प्राकृतिक उपचारस्थल र पर्यटकीय गन्तव्यका रुपमा विकास हुने सम्भावना रहेको छ। तातोपानी कुण्ड र अर्मके झरना चक्रीय धवलागिरि पदमार्गमा समेटिएको छ। रासस

# अष्ट्रेलियाको विन्डम सिटी र गोदावरी नगरपालिकाबीच 'मित्रता शहर' सम्झौता

काठमाण्डु । अष्ट्रेलियाको भिक्टोरियास्थित विन्डम सिटी र ललितपुरस्थित गोदावरी नगरपालिकाबीच औपचारिक रूपमा 'मित्रता शहर' सम्झौता भएको छ।



विन्डम सिटीमा आयोजित एक विशेष कार्यक्रममा सहकार्यसम्बन्धी सम्झौता गरिएको हो। सम्झौतामा विन्डम सिटीको तर्फबाट मेयर प्रीत सिंह र गोदावरी नगरपालिकाको तर्फबाट प्रशासनिक प्रमुख मानबहादुर खड्काले हस्ताक्षर गर्नुभएको छ । उहाँहरुले सम्झौताका लागि आवश्यक समन्वय गरेको भन्दै पर्यटन व्यवसायी तथा अभियन्ता डिएन घिसिङलाई धन्यवाद दिनुभयो।

दुवै पक्षले यस सहकार्यलाई स्थानीय तहमा अन्तरराष्ट्रिय सम्बन्ध विस्तार गर्ने महत्वपूर्ण र ऐतिहासिक उपलब्धिका रूपमा उल्लेख गर्नुभएको छ । "यस ऐतिहासिक सम्झौताले दुई नगरबीच आपसी सहकार्य, अनुभव आदानप्रदान तथा दीर्घकालीन सम्बन्ध विस्तार गर्ने उद्देश्य लिएको छ", सम्झौतामा भनिएको छ।

ललितपुरको गोदावरी नगरपालिका प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा सांस्कृतिक सम्पदाले समृद्ध क्षेत्रका रूपमा परिचित छ। त्यस्तै, विन्डम सिटी आधुनिक पूर्वाधार, बहुसांस्कृतिक समाज र दिगो शहरी विकासको उत्कृष्ट उदाहरणका रूपमा चिनिन्छ । सम्झौतामा दुवै पक्षले भविष्यमा आपसी भ्रमण, सांस्कृतिक आदानप्रदान तथा संस्थागत सहकार्यलाई थप विस्तार गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा नेपाली मूलका उद्यमी, व्यवसायी तथा स्थानीय प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो । उपस्थित सहभागीहरूले सम्झौतालाई नेपाल र अष्ट्रेलियाबीचको दीर्घकालीन कूटनीतिक सम्बन्धलाई स्थानीय तहमा अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा स्वागत गरेका छन्।

कार्यक्रममा वक्ताहरूले शिक्षा, पर्यटन, संस्कृति, वातावरण संरक्षण, आर्थिक विकास तथा समुदाय विकासका क्षेत्रमा सहकार्यले दुई सहरलाई दीर्घकालीन फाइदा पुग्ने अपेक्षा गरिएको छ। रासस

# सारङ्गीको धुनमा जीवन धान्दै दुई गन्धर्व

धरान । सुवास गन्धर्वले सारङ्गी रेट्दै गीत गाउँदै हिँडेको २५ वर्ष भयो । उहाँकै लयमा सुजन गन्धर्वले सारङ्गीको धुनमा गीत गाउँदै हिँडेको आठ वर्ष भयो।



उहाँहरु हाल दैनिक जसो धरानस्थित श्रम संस्कृति पार्कमा बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म सारङ्गी र मादलको साथमा गीत गाउँदै आउनुभएको छ । एक जनाले मादल बजाउने र अर्कोले सारङ्गी रेट्दै गीत गाउने उहाँहरूको दैनिकी बनेको छ।

सारङ्गीको मधुर धुनमार्फत उहाँहरूले पार्क घुम्न आउने सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्नुहुन्छ । अहिले उहाँहरुको जीविकोपार्जनको माध्यम यही बनेको छ । सर्वसाधारण साथै पर्यटकले स्वेच्छाले रकम दिन्छन्।

सुवास गन्धर्वले बाउबाजेदेखि चलिआएको पेसालाई निरन्तरता दिएको बताउँदै यही पेसाबाट परिवार पाल्दै आएको बताउनुभयो। "बाउबाजेले सारङ्गी रेटेरै हामीलाई हुर्काउनुभयो, मैले त्यही परम्परा समातेको हुँ", उहाँले भन्नुभयो।

"पहिला पहिला गाउँमा यातायातको सुविधा थिएन । कैयौँ दिन हिँडेर टाढा-टाढा पुगेर गीत गाउने चलन थियो। अहिले सवारीसाधनले सजिलो भएको छ", उहाँले भन्नुभयो । नेपालको पूर्वदेखि पश्चिमसम्मका विभिन्न सहर तथा भारतको सिक्किम र दार्जिलिङसम्म पुगेर गीत गाएको उहाँको अनुभव छ । गाडी तथा सार्वजनिक स्थानमा गीत गाएर सर्वसाधारणबाट प्राप्त हुने स्वेच्छिक सहयोग नै आम्दानीको आधार भएको उहाँको भनाइ छ।

सुवास गन्धर्वका अनुसार उहाँ 'भ्वाइस अफ नेपाल' मा समेत सहभागिता जनाउँदै ब्याटल चरणसम्म पुग्नुभएको थियो भने 'इन्द्रेणी' कार्यक्रममा गीत गाउनुभएको छ । उहाँले भन्नुभयो, "धेरै कार्यक्रमहरुमा सहभागी भएर गीत गाउँदै पनि हिँडियो तर त्यहाँबाट अपेक्षित आम्दानी नभएपछि पुन सारङ्गी बजाएरै जीविकोपार्जन गर्न थालेको हुँ।" उहाँले काठमाडौँदेखि पोखरा जस्ता सहरका धेरै गल्लीमा सारङ्गी बजाइसक्नुभएको छ।

सुजन गन्धर्वले लामो समय भारतको दार्जिलिङमा रोजगारी गरेर गाउँ फर्किएपछि आठ वर्षदेखि सारङ्गी बजाउँदै गीत गाएर आम्दानी गरी जीविकोपार्जन गर्दै आउनुभएको छ। उहाँले परम्परागत पेसा जोगाउने उद्देश्यले यसलाई निरन्तरता दिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "सारङ्गी बजाएर गीत गाउनु गन्धर्व समुदायको पुर्ख्यौली पेसा हो, हाम्रो संस्कृति र पहिचान पनि यही हो", उहाँले भन्नुभयो, "पछिल्लो समय नयाँ पुस्ता अन्य पेसातर्फ आकर्षित हुँदै जाँदा यस्तो मौलिक कला सङ्कटमा पर्दै गएको छ।"

आधुनिक प्रविधिको विकाससँगै मनोरञ्जनका माध्यम परिवर्तन भइरहेका बेला गन्धर्व समुदायको परम्परागत पेसा जोगाउन चुनौती थपिएको उहाँको भनाइ छ। स्वास्थ्यले साथ दिएसम्म आफूहरु यो पेसालाई निरन्तरता दिने उहाँले सुनाउनुभयो।

नेपालमा लोपोन्मुख जातिका रुपमा रहेको गन्धर्व जातिको मुख्य बाहुल्यता भोजपुर, कास्की ,तनहुँ, लमजुङ, गोरखा, चितवन, बाग्लुङ, पाल्पा, दैलेख, सुर्खेतलगायतका जिल्लामा छ । नेपाली लोकसङ्गीत र रङ्गमञ्चको क्षेत्रलाई परापूर्वकालदेखि संरक्षण, सम्वर्द्धनसँगै विकास गर्दै आएका लोक जीवनका संवाहक गन्धर्व जाति र तिनको वाद्यवादन साराङ्गी मादल पनि एक हो। रासस

## कर्णाली प्रदेश समन्वय परिषद्को बैठक :
# आगामी आवको नीति तथा कार्यक्रम छलफल

कर्णाली । कर्णाली प्रदेश समन्वय परिषद्को एघारौँ बैठक सुरु भएको छ। मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा आज सुर्खेत वीरेन्द्रनगरमा सुरु बैठकमा दशौँ बैठकका निर्णयहरूको पुनरावलोकन, स्थानीय तहका कर्मचारीहरूको विवरण तथा कामकाज, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना तथा साझा अधिकारका विषयमा समन्वय र अन्तरसम्बन्ध कायम, स्थानीय तहले प्रदेशलाई पठाउने राजस्व र आगामी आथिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमाका सम्बन्धमा छलफल हुने जनाइएको छ।

प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्रकुमार यादवका अनुसार बैठकमा प्रदेश तथा स्थानीय तहबीचको समन्वयमा थप प्रभावकारी बनाउने, बेरुजु फर्छ्योटसम्बन्धी क्षमता विकास, स्थानीय तहले बनाएको कानुनको प्रदेश अभिलेखीकरण गर्ने र कानुन निर्माणका विषयमा छलफल गरी आवश्यक निर्णय गरिने छ।

बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री राजीविक्रम शाह, परिषद् सदस्य, नगरपालिका महासङ्घ, गाउँपालिका महासङ्घ र जिल्ला समन्वय समिति महासङ्घका प्रमुख एवं प्रतिनिधिहरू आमन्त्रित सदस्यका रूपमा सहभागी भएका छन्। रासस


**श्री धर्म संस्था**

**(राम स्वरूप साह ,राम सगर साह )**

**मिल्स एरिया जनकपुरधाम-१**

**फोन नं. - ०४१-५२१५९३, ५९०५९३**

**घर बहाल सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस श्री धर्म संस्थाका मार्केट कम्प्लेक्सको पहिलो तलामा दुई कोठा भाडामा लगाउनु पर्ने भएकोले सूचना प्रकाशित मिति देखि ७ दिन भित्र सिलबन्दी निवेदन पेश गर्न सूचना प्रकाशित गरेको छ । साथै विशेष जानकारीका लागि यस श्री धर्म संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन् अनुरोध छ।

**नोट**:- दुवै कोठाको न्युनतम बहाल रकम कर बाहेक रु.३०,०००.०० (तिस हजार) मात्र हुने छ।



**श्री धनुष जनता (प्रा. तथा व्या. शिक्षा) मा. वि.**

**धनुषाधाम नगरपालिका, धनुषा**

**शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी सूचना**


धनुषाधाम नगरपालिका धनुषाको च.नं. ९७३, ९७४, र ९७५ मिति २०८३/०१/२३ अनुमति र सिफारिश एवंम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/२३ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका शिक्षक तथा कर्मचारी पदहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक सरोकारवाला सबैले आजको मितिले १५ दिन भित्र योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल :-

| क्र. स. | विज्ञापन नं. | प्रकार | विषय/पद | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०६२/०८३ | अस्थायी करार | का.स. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७५ अनुसार |
| २. | ०२/२०८२/०८३ | अस्थायी करार | स.लेपा. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७३ अनुसार |
| ३. | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि.तृ. (overseer) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. ९७४ अनुसार |

१. **न्यूनतम शैक्षिक योग्यता** :-
 क. कार्यालय सहयोगीका लागि मान्यता प्राप्त संस्थाबाट अधारभूत तह उर्तिण गरेको।
 ख. सहायक लेखापालका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्रमा कक्षा १२ उर्तिण वा सो सरह गरी ६ महिनाको कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको।
 ग. सह प्रशिक्षक (नि.मा.तृ.) इलेक्ट्रीकल विषयमा Diploma in Electrical Engineering वा सो सरह।
 **नोट**: वैदेशिक प्रमाण पत्रको हकमा समकक्षता प्रमाण पत्र पेश गर्नुपर्ने।
२. **उमेर**: २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
३. **निवेदन दस्तुर**: तिन वटै पदका लागि रु १०००।- (अक्षरेपी रु एक हजार मात्र) यस विद्यालयको नाममा रहेको सिटिजन्स बैंकको खाता नं. १०३०१००००००७१२०१ मा दाखिला गरी सक्कल भौचर निवेदन साथ विद्यालयमा पेश गर्नुपर्ने छ।
४. **निवेदन दिने** मिति २०८३/०१/२३ गते देखि २०८३/०२/०५ गते बेलुका ४:०० बजे सम्म।
५. **स्थान**: श्री धनुष जनता मा.वि. धनुषाधाम न.पा. ३ धनुषाधाम विद्यालयको समयमा।
६. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रमाण पत्रको प्रतिलिपीहरु, स्थायी अध्यापन अनमति पत्र NEC दर्ता प्रमाण पत्रको प्रतिलिपी।
७. **परीक्षाको किसिम** : लिखित, मौखिक र प्रयोगात्मक (शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम अनुसार)
८. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ।
९. **सर्म्पक नम्बर**: ९८६२०८२७८२, ९८०७६९७६६५,

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जनमतमा अलोकतान्त्रिक संस्कार

मधेश प्रदेशमा सत्ता साझेदार दल जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखको कार्यालयमा मंगलवार दर्ता गराएका हुन् ।मधेश प्रदेशमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादवको नेतृत्वमा जनता समाजवादी पार्टी( जसपा)नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एस सहभागी रहेका छन् ।त्यसमध्ये जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्राप्त भएको जनाउ प्रदेश प्रमुख कार्यालयले सार्वजनिक रुपमा दिइसकेको छ ।हुन त सरकारमा रहेका अर्थमन्त्री महेश यादवले सरकारलाई दिएको समर्थन जारी रहेको दावी गर्दै प्रदेश प्रमुखलाई पत्राचार गरेका थिए ।तर त्यसलाई प्रदेश प्रमुखले स्वीकार गरेका छैनन् । जनमत पार्टी दलको नेता यस अघि यादव नै थिए ।सरकारबाट जनमत पार्टीले समर्थन फिर्ता लिइसके पनि सो पार्टीबाट अर्थ मन्त्री बनेका महेश यादव र युवा तथा समाजकल्याण मन्त्री वसन्त कुशवाहाले राजीनामा दिएका छैनन् ।लोकतान्त्रिक मान्यता अनुसार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिइसकेपछि त्यस दलबाट सरकारमा सहभागी मन्त्रीहरुले तत्काल राजीनामा दिनु पर्छ ।तर विगतमा जनमत पार्टीका मुख्यमन्त्री सतीश कुमार सिंहलाई हटाउन सो पार्टीका तत्कालीन दलका नेता महेश यादवले प्रदेश प्रमुखलाई सरकारबाट समर्थन फिर्ता लिएको पत्र बुझाएका थिए ।तर मुख्यमन्त्री सिंहले राजीनामा दिएनन् ।उनी अविश्वासको प्रस्तावको सामना गर्ने भन्दै ३० दिनसम्म नै अल्पमतको सरकार चलाएका थिए ।सरकारको नेतृत्वबाट हटने बितिकै सिंहले पार्टी परित्याग गरेका थिए ।अहिले त्यसको पुनरावृत्ति भएको छ ।यादव र कुशवाहालाई हटाउन दलले समर्थन फिर्ता लिएको छ ।उनीहरुले भने पद छाडेका छैनन् ।अधिकतम् ३० दिन मन्त्री रहने लोभमा पार्टी नै छाड्ने मार्गमा यादव र कुशवाहा अगाडि बढेका छन् ।जनमतले समर्थन फिर्ता लिएसँगै सरकारले विश्वासको मत लिनु पर्ने बाध्यात्मक स्थिति सृजना भएको छ ।सरकारले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने छैन् ।हुन त यस अघि पनि उनले संसदबाट कुनै बिल पास गराउने सम्भावना समाप्त भइसकेको छ ।तर मधेश प्रदेशमा अल्पमतमा परिसके पनि ३० दिन भित्र विश्वासको मत लिन पाउने संवैधानिक अधिकार हरेक मुख्यमन्त्रीले प्रयोग गरेको देखिन्छ ।हरेक पटक सरकार परिवर्तनको बेला जनमत पार्टी हुलमुल हुने गरेको छ ।पाँच महिनादेखि सरकारले कमिसन बाहेकको काम नगरेको आरोप लागेको छ ।नेपाली कांग्रेस र जनमत पार्टीका सांसदहरुले विगतको भन्दा वर्तमान सरकारले भ्रष्टाचारको सबै कीर्तिमानलाई भत्काएको सार्वजनिक रुपमा बताउन थालेकाछन् ।तर जनमत पार्टीमा देखिएको अलोकतान्त्रिक संस्कारले संगठनलाई धराशायी बनाएको छ ।

# लेफ्ट बिहाइन्ड? भारतमा ५० वर्षमा पहिलो पटक कुनै पनि राज्यमा कम्युनिष्ट सत्तामा छैन



● डा. केदार कार्की

३० वर्ष पछाडि फर्केर १९९६ मा हेर्दा , र सीपीआई(एम) नेता ज्योति बसु २० वर्षसम्म पश्चिम बंगालको मुख्यमन्त्री थिए र संयुक्त मोर्चाको भागको रूपमा लगभग भारतको प्रधानमन्त्री बनेका थिए। बसुले पद ग्रहण गर्न सहमत भएका थिए तर पोलिटब्युरोले उनलाई खारेज गर्‍यो, जुन निर्णयलाई उनले पछि "ऐतिहासिक गल्ती" भनेर वर्णन गरे।२००८ मा, लोकसभामा लगभग ६० सांसद भएको वाम मोर्चाले भारत-अमेरिका आणविक सम्झौताको समर्थन फिर्ता लिएपछि मनमोहन सिंह नेतृत्वको युपीए सरकारले बहुमत परीक्षणको सामना गर्नुपर्‍यो। त्यतिबेला वामपन्थीहरूले देशका तीन राज्यहरूमा शासन गर्थे - पश्चिम बंगाल, केरला र त्रिपुरा।२० वर्षभन्दा कम समय पछि, भारतमा कम्युनिष्टहरूले पराजयको सामना गर्नुपर्‍योत किनकि मतदाताहरूले आफ्नो मोडलाई दक्षिणपन्थीतर्फ बलियो बनाउँदै लगे। पिनारायी विजयनको नेतृत्वमा रहेको वाम लोकतान्त्रिक मोर्चाले केरलामा सत्ता गुमायो, जसले गर्दा १९७७ पछि पहिलो पटक भारतको कुनै पनि राज्यमा कम्युनिष्टहरू सत्तामा हुने छैनन्।

भारतमा वामपन्थीहरूको राजनीतिक इतिहास इतिहासले भरिपूर्ण छ। १९५१-५२ मा देशमा पहिलो चुनाव हुँदा, भारतीय कम्युनिष्ट पार्टीले लोकसभामा विपक्षी दलहरूमध्ये सबैभन्दा धेरै सिटहरू जितेको थियो। त्यसको ठीक पाँच वर्षपछि, १९५७ मा, भारतका वामपन्थी दलहरूले केरलामा चुनाव जितेर र कुनै पनि प्रमुख राष्ट्रमा विश्वको पहिलो लोकतान्त्रिक रूपमा निर्वाचित कम्युनिष्ट सरकार गठन गरेर इतिहास रचे।

त्यसपछि १९७७ आयो, र सीपीआई(एम) ले पश्चिम बंगालमा सत्ता जित्यो, जुन कुनै पनि राज्यमा कुनै पनि पार्टीको सबैभन्दा लामो निर्बाध कार्यकालको सुरुवात थियो। ज्योति बसु मुख्यमन्त्री बने र २३ वर्षभन्दा बढी समयसम्म कुर्सीमा रहे, जसले गर्दा २००० मा बुद्धदेव भट्टाचार्यले बाटो बनाए। त्यसपछि वामपन्थीहरूले बंगालमा ११ वर्ष शासन गरे।

केरलामा वामपन्थीहरूले सत्ता परिवर्तन गरे, तर अर्को राज्य जहाँ यसले निरन्तर अवधिभर निर्बाध सफलता हासिल गर्‍यो त्यो त्रिपुरा थियो।१९९३ मा, वामपन्थीहरूले राज्यमा सत्ता कब्जा गरे, सीपीआई( एम) ले मात्र विधानसभाको ६० सिटमध्ये ४४ सिट जित्यो। दशरथ देव १९९८ सम्म मुख्यमन्त्री थिए, जब माणिक सरकारले पदभार ग्रहण गरे र २० वर्षसम्म कुर्सीमा रहे।

वामपन्थीहरू पतन हुँदै गएका थिए, तर २०११ मा यसको लगभग अप्रासंगिकतामा पतन सुरु भयो। नन्दीग्राम र सिंगुरमा 'पोरिबोर्टन' (परिवर्तन) को लहर र भूमि अधिग्रहणको विरोधमा सवार हुँदै, ममता बनर्जीको तृणमूल कांग्रेसले पश्चिम बंगालमा अत्यधिक बहुमत जित्यो, जसले गर्दा वाम मोर्चा २९४ सदस्यीय विधानसभामा केवल ६२ सिटमा सीमित भयो, जुन २००६ मा २३५ थियो।

२०१४ मा केन्द्रमा भाजपाको उदय पछि राज्यहरूमा भगवा लहर आयो र २०१८ मा, यसले वामपन्थीहरूको त्रिपुरा किल्ला पनि जित्यो। पार्टीले ६० सदस्यीय विधानसभामा ३६ सिट जित्यो, जसले गर्दा कम्युनिस्टहरूको संख्या ५० बाट घटेर केवल १६ मा ल्यायो। त्यसपछि वामपन्थीहरूको लागि एक मात्र सान्त्वना केरला थियो, जहाँ यो २०१६ मा पिनारायी विजयनको नेतृत्वमा सत्तामा फर्कियो र २०२१ मा सत्तामा फर्केर हरेक पाँच वर्षमा सरकार परिवर्तन गर्ने राज्यको प्रवृत्तिलाई रोक्यो।

लगातार दुई कार्यकालपछि, केरलामा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) नेतृत्वको वाम लोकतान्त्रिक मोर्चा (ङ्क्षँ) ले राज्यको सत्ता गुमाउने निश्चित भएको छ। कांग्रेस नेतृत्वको संयुक्त लोकतान्त्रिक मोर्चा (ङ्गँ) ले १४० सदस्यीय विधानसभामा १०२ सिट जितेको छायो हार १९७७ पछि पहिलो पटक हुनेछ जब भारतको कुनै पनि राज्यमा कम्युनिष्ट सरकार छैन। तीन राज्यहरू - केरला, त्रिपुरा र पश्चिम बंगाल - ले आफ्नो इतिहासमा कम्युनिष्ट सरकारहरू बनाएका छन्, तर हालका वर्षहरूमा सबैले विचारधाराको प्रभाव घटेको देखेका छन्।

ती कम्युनिस्ट सरकारहरू कसरी सत्तामा आए र तिनीहरूको हालैको पतनको संक्षिप्त इतिहास।

**केरला**:

१९५७ मा, भारतीय कम्युनिस्ट पार्टीले केरलामा आफ्नो पहिलो सरकार गठन गर्‍यो, यद्यपि पातलो बहुमतका साथ। यो वास्तवमा विश्वको कुनै पनि ठाउँमा लोकतान्त्रिक रूपमा निर्वाचित पहिलो कम्युनिस्ट सरकार थियो। यो सरकारले धेरै नीतिगत पहिलो कदमहरू देख्यो, जस्तै व्यापक कृषि र भूमि सुधार, जुन सीमान्तकृतहरूका लागि कल्याणकारी उपायहरूसँगै प्रस्तुत गरिएको थियो। मुख्यमन्त्री ईएमएस नंबुदिरिपादको नेतृत्वमा रहेको प्रशासनिक सुधार समितिले भारतमा पहिलो पटक, पिछडिएका समुदायका धनी वर्गलाई आरक्षणको फाइदा लिनबाट बहिष्कार गर्ने प्रस्ताव राख्यो। "क्रीमी लेयर" लाई बहिष्कार गर्ने वर्तमान अभ्यास वास्तवमा यही सिफारिसबाट उत्पन्न भएको थियो।



तर यो शासन टिक्न सकेन। राजनीतिक, क्षेत्रीय, धार्मिक र सामाजिक स्वार्थहरूको दायरा पूरा गर्ने प्रयास गर्ने गठबन्धन गठन गरे तापनि, केही सुधार हरूले कडा प्रतिरोध निम्त्याए। यसले प्रधानमन्त्री जवाहरलाल नेहरूलाई यसको गठनको लगभग दुई वर्ष पछि भःक्व सरकारलाई खारेज गर्ने अवसर प्रदान गर्योभ, पहिलो घटनामा केन्द्रले राष्ट्रपति शासनको धारा ३५६ को दुरुपयोग गर्‍यो। यद्यपि, यसको विरासत यसको छोटो अवधिभन्दा बाहिर फैलियो। सत्तामा आएको कांग्रेस नेतृत्वको सरकारले "भूमि सुधारको एजेन्डालाई पूर्ण रूपमा त्याग्न सकेन", यस विषयमा कानूनहरूको लागि मार्ग प्रशस्त गर्‍योज।

पछि देखा परेको "केरल मोडेल" उत्तम थिएन भन्ने होइन। दलित र आदिवासीहरूमा भूमिहीनता, कृषिको पतन, रेमिट्यान्समा निर्भरता, डगमगाएको सार्वजनिक सेवाहरू, विशेष गरी स्वास्थ्य सेवामा निर्भरता, र साम्प्रदायिक सम्बन्धको बिग्रने जस्ता सम्बोधन नगरिएका मुद्दाहरूले अब राजनीति र शासनको पुनर्कल्पना गर्न आह्वान गर्दछ।"

पछिल्ला धेरै चुनावहरूमा माकपा सबैभन्दा ठूलो दलको रूपमा उभिएको थियो, र निवर्तमान पिनारायी विजयनको नेतृत्वमा रहेको सरकार अद्वितीय थियो किनकि यसले लगातार दुई कार्यकाल यस्तो राज्यमा देख्यो जहाँ यस्तो पुनरावृत्ति दुर्लभ छ। हालको हारलाई सत्ताविरोधी लहर र राजनीतिक परिचालनको लागि एक व्यक्तित्वको रूपमा विजयनमाथि अत्यधिक निर्भरतालाई श्रेय दिइएको छ।

**पश्चिम बंगाल**:

पश्चिम बंगालले १९७७ देखि २०११ सम्म भारतीय इतिहासमा कम्युनिस्ट पार्टीको सबैभन्दा लामो अटुट शासन देख्यो, ज्योति बसु र बुद्धदेव भट्टाचार्यको नेतृत्वमा।

बंगालमा कम्युनिस्ट पार्टीको लामो इतिहास छ, जुन एमएन रोयको समयदेखिको हो, जसले १९२५ मा भारतीय कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए। स्वतन्त्रता पछि, पार्टीले १९७७ मा बंगालमा आफ्नो जीतको श्रेय आंशिक रूपमा १९७२ मा कांग्रेसको चुनावमा धाँधली भएको र त्यस अन्तर्गतको आपतकाल (१९७५-७७) को ज्यादतीलाई दिएको थियो।

त्यसअघि, यसको मार्गमा एउटा प्रमुख घटना सीपीआई र सीपीआई (एम) बीचको विभाजन थियो, जसमा कांग्रेस सरकार (सीपीआईले यसलाई साम्राज्यवादी शक्तिको रूपमा खारेज गरेको थियो) र चीनमा उनीहरूको अडान समावेश थियो। यो कम्युनिस्ट राष्ट्रको रूपमा समान रूपमा वैचारिक रूपमा पङ्क्तिबद्ध भए पनि, यो सीमा तनावको स्रोत पनि थियो। यी भिन्नताहरूले अन्ततः १९६४ मा विभाजन निम्त्यायो र सीपीआई (एम) को निर्माण निम्त्यायो।

पछि पार्टीले भूमि सुधार र पञ्चायती राज पुनर्गठन जस्ता नीतिहरू मार्फत किसान र श्रमिक वर्गको आधारलाई सुदृढ बनायो। यो राज्य सरकार स्तरबाट प्रशासनको तल्लो तहमा कोष विनियोजन गर्ने र असंगठित क्षेत्रका कामदारहरूको लागि भविष्य निधि योजना लागू गर्ने पहिलो राज्यहरू मध्ये एक थियो।

तीन दशकभन्दा बढी समय सत्तामा रहेपछि, वामपन्थीहरूले २०११ मा ममता बनर्जीको नेतृत्वमा रहेको अखिल भारतीय तृणमूल कांग्रेससँग पश्चिम बंगाल गुमाए। ९० को दशकमा औद्योगिकीकरणको नीति र जबरजस्ती भूमि अधिग्रहणले उनीहरूको परम्परागत आधारलाई अलग्यायो र विकल्पको उदयलाई अनुमति दियो। एकै समयमा, सत्ताविरोधी, राजनीतिक हिंसा, र शासन र आर्थिक वृद्धिमा स्थिरताले पनि मतदाताहरूको अन्य समूहहरूमा अलगावको भावना निम्त्यायो।

**त्रिपुरा**:

त्रिपुरामा १९७७ मा पहिलो कम्युनिस्ट सरकार सत्तामा आएको थियो। पार्टीले धेरै चुनावी विजयहरू देख्नेछ, जसमा १९९८ देखि २०१८ सम्म मुख्यमन्त्री माणिक सरकारको नेतृत्वमा लगभग दुई दशक लामो शासन समावेश छ। त्रिपुरामा लगभग ७०% जनसंख्या बंगालीहरू छन्, र पश्चिम बंगालमा साम्यवादको व्यापकता त्रिपुरामा पनि पुग्यो। कम्युनिस्टहरूले भारतको स्वतन्त्रताभन्दा धेरै अघि त्रिपुरामा काम गर्न थालेका थिए। तिनीहरूले मुख्यतया आदिवासी समुदायहरूमाझ काम गरे, अन्ततः एक शक्तिशाली संगठनको निर्माण ब्लकहरू राखे। कम्युनिस्टहरूले राजपरिवारलाई लक्षित गरे, आदिवासीहरूलाई गरिब राखेको आरोप लगाए।

भाजपाको २०१८ को जित आफ्नै कार्यकर्ताहरू र आरएसएसका कार्यकर्ताहरूलाई परिचालन गर्ने क्षमता र महिला, युवा र आदिवासीहरू जस्ता जनसांख्यिकीमा ध्यान केन्द्रित गर्ने क्षमतामा आधारित थियो। यो त्यस्तो समय पनि थियो जब २०१४ को लोकसभा चुनाव पछि पार्टीले अन्यत्र स्थान हासिल गरेर मुख्यतया उत्तर भारतीय, उच्च जातको पार्टीको रूपमा आफ्नो छवि बिस्तारै गुमाइरहेको थियो। व्यापक रूपमा, यो स्थानीय सरोकारहरूलाई लक्षित गर्दै राष्ट्रिय मुद्दाहरू र हिन्दुत्वको विचारधारालाई संयोजन गर्ने रणनीतिलाई श्रेय दिइएको छ।

"देश सातौंमा सर्दा राज्यमा चौथो तलब आयोग अनुसार तलब दिइने लगायत उठाउनुपर्ने मुद्दाहरूदेखि लिएर, युवाहरूलाई लक्षित गर्ने, जसलाई परिवारसँगको सम्बन्ध तोडेर यसको पक्षमा मतदान गर्ने विश्वास गरिन्छ, र आरएसएसको दीर्घकालीन उत्तरपूर्वी एजेन्डामा ट्र्याप गरेर आफ्नै आधार स्थापित गर्नेसम्म, भाजपा जनवरी २०१६ देखि २५ वर्षमा वामपन्थीहरूले बनाएको किल्ला भत्काउन काम गरिरहेको छ।

२०२६ को केरला विधानसभा चुनावको प्रारम्भिक नतिजाले कांग्रेस नेतृत्वको युडीएफले १४० मध्ये ९० सिटभन्दा बढीमा अग्रता लिएको देखाउँछ, जसले एक दशक सत्तामा रहेपछि सीपीआई(एम) नेतृत्वको एलडीएफलाई हटाउने तयारी गरिरहेको छ। केरला कम्युनिस्ट शासन अन्तर्गत अन्तिम बाँकी राज्य थियो, जसले पश्चिम बंगाल र त्रिपुरामा देखिएको उही गिरावट अनुभव गरिरहेको थियो। यो नतिजा १९७७ पछि पहिलो पटक हो जब कुनै भारतीय राज्यमा कम्युनिस्ट नेतृत्वको सरकार हुनेछैन। केरलामा भएको पराजयले भारतमा शासक शक्तिको रूपमा संगठित साम्यवादको अन्त्यलाई संकेत गर्दछ। धेरै राज्यहरूमा शासन गरेपछि र राष्ट्रिय गठबन्धनहरूलाई प्रभाव पारेपछि, वामपन्थीहरू अब विपक्षी बेन्चहरूमा सीमित छन् र स्थानीय प्रभाव सीमित छ। नीतिगत प्लेटफर्मको रूपमा राज्य शक्ति बिना, असमानता, धर्मनिरपेक्षता र श्रम अधिकार हरूमा राष्ट्रिय कुराकानीलाई आकार दिने यसको क्षमता अझ कम हुन सक्छ।

वामपन्थीहरूको यात्रा १९५७ मा केरलामा ई.एम.एस. नम्बुदिरिपादको नेतृत्वमा विश्वको पहिलो लोकतान्त्रिक रूपमा निर्वाचित कम्युनिस्ट सरकारको चुनावबाट सुरु भयो। यो पश्चिम बंगाल र त्रिपुरामा दीर्घकालीन शासनमा विस्तार भयो, जसमा भूमि सुधार र ग्रामीण सुदृढीकरण समावेश थियो। यद्यपि, वैचारिक कठोरता, शासन विवाद र क्षेत्रीय तथा राष्ट्रिय शत्रुहरूको उदयले यसको आधारलाई कमजोर बनायो, जसको परिणामस्वरूप यो ऐतिहासिक हार भयो।

अगाडि बढ्ने बाटोः वामपन्थीहरूको अस्तित्व शासनको सट्टा वैचारिक परिवर्तन, गठबन्धन र तल्लो तहका आन्दोलनहरूमा निर्भर हुन सक्छ। केरलाको राजनीतिक इतिहासले देखाउँछ कि वाम लोकतान्त्रिक मोर्चाभविष्यको चक्रमा फर्कन सक्छ, तर वामपन्थीहरू पश्चिम बंगाल र त्रिपुरामा सीमान्तकृत रहन्छन्। राज्यस्तरीय कम्युनिस्ट शासनमा रहेको वर्तमान शून्यताले एक पटक भारतको राजनीतिक र सामाजिक परिदृश्यलाई आकार दिने आन्दोलनको अस्तित्वमाथि प्रश्न उठाउँछ।

## बजेट बहस :

# किन बढाउने सुर्तिजन्य पदार्थमा कर?



● रिसब गौतम

स्वास्थ्यवर्दक, दैनिक उपभोग्य वस्तुहरुमा कर बढाउँदा निश्चय नै उपभोक्ता मारमा पर्छन् । तर हाम्रो जनमानसमा कतिपय यस्ता वस्तुहरु छन् जो धेरैले प्रयोग गरेपनि हानिकारक देखिन्छन् । त्यस्ता वस्तुहरुमा बढाइने करले एकातिर राज्यलाई कर आम्दानी बढ्छ भने अर्कोतिर कर बढाएकै कारण महगों भएर ती वस्तुहरुको उपभोग घटेमा लत बसेकाहरुको स्वास्थ्यलाई नै फाइदा पुग्छ । त्यसकारण त्यस्ता वस्तुहरुमा कर बढाउँदा हरेक हिसावले राज्यलाई, प्रयोगकर्तालाई र समाजलाई नै बहुआयामिक फाइदा मिल्छ । त्यस्तै वस्तुहरुमा पर्छ जनस्वास्थ्यलाई प्रतिकुल असर गर्ने सुर्तिजन्य पदार्थ र मदिरा । सुर्ति, चुरोट, गुट्खा, मदिया जस्ता हानिकारक चीजहरुमा कर बढाएर महंगो बनाइदा त्यसको उपभोग घट्ने विश्वव्यापी अध्ययनहरुले देखाउँदै छन् । नेपालमा पनि पुरानो तथा अनुसन्धानका लागि प्रतिष्ठित नेपाल विकास अनुसन्धान प्रतिष्ठान (एनडिआरआई) ले यसबारे धेरै अध्ययन, अनुसन्धान र बहस गर्दै आएको छ ।

एनडिआरआईको अनुसार नेपालमा सुर्तिजन्य पदार्थमा लाग्ने करको दर हाल ४१ प्रतिशतमा सिमित छ । त्यो दक्षिण एसियामै सबैभन्दा कम दर हो । जबकि दक्षिण एसियाकै मुलुक बंगलादेशमा सुर्तिजन्य पदार्थमा ७३ प्रतिशत कर छ । बंगलादेशले विश्व स्वास्थ्य संगठन (डल्लुएचओ) ले निर्धारण गरेको मापदण्ड ७५ प्रतिशत हाराहारी सुर्तिजन्य पदार्थमा कर लगाएर एउटा उदाहरण प्रस्तुत गरेको छ । त्यसैगरी श्रीलंकामा ६८ प्रतिशत, माल्दिब्समा ६५ प्रतिशत, भारतमा ५८ प्रतिशत कर सुर्तिजन्य पदार्थमा लगाइएको छ । बेलायत र फिनल्याण्ड जस्ता विकसित देशहरुले त सुर्तिजन्य पदार्थमा खुद्रा मुल्यको ९० प्रतिशतसम्म कर लगाएका छन् । त्यसकारण नसर्ने रोगमा मृत्युदर बढीरहेको र उपचार लागत झन् अचाक्ली बढिरहेको नेपाल जस्तो कम विकसित देशमा यस्ता वस्तुहरुमा अधिकतम कर बढाउनु हरेक हिसावले बुद्धिमानी देखिन्छ ।

नेपालमा हाल सुर्तिजन्य पर्दाथमा लगाइएको ४१ प्रतिशत करमा ६० प्रतिशत बृद्धि गरिने हो भने १२ अर्ब थप राजस्व बृद्धि हुने अध्ययनले देखाएको छ । सो दरमा कर बृद्धिले सुर्तिजन्य पर्दाथको ५ देखि ११ प्रतिशतसम्म प्रयोग घट्ने एनडिआरआईको अध्ययनले देखाएको छ । हानिकारक वस्तुको रुपमा रहेको सुर्तिजन्य पर्दाथमा कर बढाउँदा एकातिर सरकारको राजस्व आम्दानी बढ्ने र अर्कोतिर त्यस्ता वस्तुहरुको प्रयोग घटेर जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने कारण पनि कम्तिमा अहिलेको करको दरमा ६० प्रतिशत कर बढाउनु पर्ने एनडिआरआईको सिफारिस छ ।

एनडिआरआईका अनुसार सुर्तिजन्य पदार्थकै सेवनका कारण हरेक बर्ष नेपालमा ३९ हजार २ सय जनाले मृत्युवरण गर्ने गरेका छन् । अर्थात प्रतिदिनन १०७ र प्रतिघण्टा ४ जना नेपालीलले सुर्तिजन्य पदार्थकै कारण मृत्युवरण गर्छन् ।

विश्वमा हाल १ अर्ब ३० करोड बढी मानिस सुर्तिजन्य पर्दाथको लतमा छन् । त्यसमध्ये ८० प्रतिशत भन्दा बढी मानिस कम र मध्यम आय भएका देशहरुमा बस्ने अध्ययनहरुले देखाएका छन् । नेपालमै पनि ६७ लाख मानिस सुर्तिजन्य पर्दाथको सेवनकर्ता छन् । पछिल्ला बर्षहरुमा नेपालमा मृत्यु र रोगहरुको लागि सुर्तिजन्य पर्दाथ एक प्रमुख कारण बन्दै आएको छ । नेपालमा सुर्तिजन्य पदार्थको सेवनबाट हुने मृत्यु सन् १०९० मा १० प्रतिशतबाट बढेर सन् २०२३ सम्म आइपुग्दा २४ प्रतिशतको बृद्धि भएको छ । जसले जनस्वास्थ्यमा चिन्ता, चासो र सरोकार बढाउनु पर्ने आवश्यकता दर्शाएको छ ।

सुर्तिजन्य पदार्थको सेवनबाट लाग्ने क्यान्सर, मुटु तथा फोक्सो सम्बन्धी रोग लगायतको कारणबाट ग्रसित व्यक्तिको उपचारमा अधिक खर्च हुने अध्ययनले देखाएको छ । अझ क्यान्सर लागे त निको हुन्छ नै भन्ने ग्यारेन्टी हुदैन ।

नेपालमा धुम्रपानका कारण प्रति वर्ष झण्डै ४८ अर्ब क्षती हुने गरेको अध्ययनले देखाएको छ । यसरी सुर्तिजन्य पदार्थको सेवनबाट बार्षिक अरबौको आर्थिक क्षती त प्रत्यक्ष रुपमा छदैंछ । यसले अप्रत्यक्ष रुपमा मुलुकलाई खरबौंको क्षती गराएको छ । सुर्तिजन्य पदार्थको सेवनको लत सामान्यतया १५-१९ बर्षको उमेर अवस्थामा लाग्ने र त्यसरी लत लागेकाहलाई लतबाट छुटाउनै मुस्किल पर्ने पनि अध्ययनले देखाएको छ । त्यस हिसावले एकचोटी कुनै ब्यक्ति सुर्तिजन्य पर्दाथको सेवक भइसकेपछि उ यस्ता पर्दाथको जिवनभर नियमित ग्राहक जस्तै हुने देखिन्छ । त्यसले निरन्तर अर्थतन्त्रमा कति गहिरो असर पार्छ, अनुमान लगाउन सहजै सकिन्छ ।

अर्को व्यक्तिको स्वास्थ्य स्थीतिमा सुर्तिजन्य पर्दाथले अत्याधिक हानि-नोक्सानी गरिरहेको हुन्छ । व्यक्तिको काम गने क्षमता घटाउनुका साथै उत्पादकत्व घटाइरहेको हुन्छ । देशको अर्थतन्त्रलाई नै अप्रत्यक्ष क्षती पुगिरहेको हुन्छ । त्यसकारण पनि सुर्तिजन्य पर्दाथमा सरकारले कर बढाउनु अत्यन्तै जरुरी छ । संसारको उदाहरणहरु हेर्दा पनि त्यस्ता चीजहरुको सेवन घटाउने एउटा मुख्य उपाय कर बढाइदिने हो ।

अहिले बजेट बन्ने प्रक्रिया चलिरहेको छ । विद्धवान अर्थमन्त्री स्वर्णिम वाग्लेले सरोकारवालाहरुसँग सुझाव पनि मागेका छन् । यस बखत अर्थमन्त्री तथा अर्थमन्त्रालयले सुर्तिजन्य पर्दाथले देशलाई पुर्याइरहेको क्षती र जनस्वास्थ्यलाई मध्यनजर गर्दै करको दरमा परिमार्जन गर्न जरुरी छ । सुर्तिजन्य पर्दाथमा कर बढाउँदा एकातिर दुखी गरिवको पहँचबाट यस्ता हानीकारक चीज टाढा पुग्छन् । साथै, यसले राज्यको राजस्व कोष समेत बलियो बनाउन सहयोग गर्दछ ।

हाल नेपालमा कुल जनसङ्ख्याको झण्डै ३० प्रतिशत मानिसले सुर्तिजन्य पर्दाथको सेवन गर्ने भएकाले त्यसलाई घटाउन पनि करवृद्धि स्वभाविक छ । नेपालमा पनि सुर्तिजन्य पर्दाथमा बंगलादेशमा झैं ७० प्रतिशत माथी पुर्याउन सके झनै राम्रो ।

विकसित देशहरुमा मिहिन ढंगले अनुसन्धान भएर सुर्तिजन्य पर्दाथको सेवन घटाउने प्रयास सुरु भएका देखिन्छन् । नेपाल जस्तो विपन्न देशले पनि यस्ता कुरामा विचार पुर्याउन जरुरी छ ।

विगत बर्षहरुमा सुतिजन्य पदार्थहरुमा अत्यन्तै झिनो मात्रामा कर बढाइयो । फलस्वरुप जनताको क्रय क्षमताले पनि धानिरहेको कारण यसको सेवन घटेन । तर यदी यसमा राम्रैसँग कर बढाइने हो भने सुर्तिजन्य पर्दाथको प्रयोगकर्ता घट्नेमा दुईमत छैन । अर्न्तराष्ट्रिय प्रयोगहरुले पनि त्यही देखाएको छ ।

राज्यले नागरिकलाई स्वस्थ बनाउने कुरामा जोडदिनु पर्छ । बजेट बनाउने कुरा होस् अथवा मन्त्रालय चलाउने कुरा होस् त्यो आखिर आम नागरिकका लागि हो । त्यसकारण जनस्वास्थ्यको विषयलाई सम्बोधन गर्नु राज्यको कर्तब्य नै हो । जनता स्वस्थ रहे भने मुलुकको स्वस्थ्य हुने हो । अनि न मुलुकले आर्थिक लगायतका विविध क्षेत्रहरुमा प्रगती गर्ने हो । त्यसकारण सुर्तिजन्य पदार्थ मात्रै नभएर विषाक्त उत्पादन, मदीरा सबैको उपभोग घटाउने हिसावले सरकार अघि बढ्नुपर्छ । सिमित आसेपासे, व्यापारी वा कमिसनखोरलाई हित हुनेगरी होइन् । आम नागरिकलाई केन्द्रमा राखेर बजेटका करका दरहरु थपघट हुनुपर्छ ।

कतिपयले के पनि तर्क गर्न सक्लान् भने नेपालमा चरोट, सुर्तीमा कर बढाउँदा भारतबाट अवैध व्यापार बढ्न सक्छ् । तर त्यो तर्कमा कुनै दम छैन ।

# संविधान संशोधन- गाउँसभादेखि कार्यकारी राष्ट्रपतिसम्मका विषय बहसमा

काठमाण्डु । संविधान संशोधनको बहस प्रखर रुपमा उठे पनि कुन-कुन विषयवस्तुमा के-कसरी अघि बढ्ने भन्ने विषयमा प्रमुख शक्तिबीच न्यूनतम साझा समझदारीको आवश्यकता औँल्याइएको छ ।

संविधान निर्माणमा प्रत्यक्ष संलग्न संविधानसभा सदस्य तथा संविधानका जानकारहरुले संविधान गतिशील दस्तावेज भएकाले समयसापेक्ष तुल्याउन संशोधनको आवश्यकतालाई सुविचारित ढङ्गबाट समझदारीमा पुग्नुपर्नेमा जोड दिनुभयो ।

संविधान संशोधनबाट फेरि नयाँ विवाद उत्पन्न हुने वा समाधान भएका विवाद बल्झिन नहुने तर्क गर्दै उहाँहरुले संविधान संशोधनलाई संसद्को अधिकारको गहकिलो विषय बनाएर निष्कर्षमा पुग्न सुझाव दिनुभयो । नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपालिका सम्बन्धित विषयमा समेत एक दर्जनभन्दा बढी संशोधनको आवश्यकता देखिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "संविधान संशोधनलाई संसद्को गहकिलो विषय बनाइनुपर्छ । सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया र कार्यकालसम्बन्धी विषयमा सुधारको खाँचो छ ।"

राजनीतिक स्थायित्व र दिगो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास, सङ्घीय संरचनाको सुदृढीकरण, समावेशी लोकतन्त्रको प्रभावकारिता, मिश्रित निर्वाचन प्रणालीको स्थायित्व र सुदृढीकरण, सामाजिक न्यायको प्रत्याभूति, संसदीय शासन प्रणालीको सुदृढीकरण, स्वतन्त्र न्यायपालिका तथा सुशासन र नागरिकको सशक्तीकरणका लागि संविधान संशोधन हुनुपर्ने विज्ञहरुको मत छ ।

वर्तमान सरकारले संविधान संशोधनको विषयलाई उच्च प्राथमिकताका साथ अघि बढाइरहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावी वाचापत्रमा उल्लेख गरेको संविधान संशोधनसम्बन्धी विषय सरकार गठन भएसँगै शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमै समावेश गरेको थियो । सोही मर्म र भावनाअनुसार संविधान संशोधनका लागि बहसपत्र तयार गर्न सरकारले चैत १६ गते प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा कार्यदल गठन गऱ्यो । तेह्र सदस्यीय कार्यदलमा प्रतिनिधिसभाका छ तथा राष्ट्रियसभाका तीन दलका



"संविधान संशोधनलाई संसद्को गहकिलो विषय बनाइनुपर्छ । सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया र कार्यकालसम्बन्धी विषयमा सुधारको खाँचो छ ।"

प्रतिनिधि हुनुहुन्छ ।

सो कार्यदलमा राष्ट्रिय स्वतन्त्र पार्टीका मोहनलाल आचार्य, नेपाली कांग्रेसका राजु कटुवाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का डा भीष्म अधिकारी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टी नेपाल (जसपा) का मनोज भट्ट, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का आभास लाभ, श्रम संस्कृति पार्टीका ध्रुव राई रहनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल कानुन आयोगका सचिव सदस्य रहेको कार्यदलको सदस्यसचिवमा प्रधानमन्त्री कार्यालयका सहसचिव हुनुहुन्छ । साठी दिनको कार्यादेश प्राप्त गरेको कार्यदलले यसबीचमा कानुनी पृष्ठभूमि भएका संविधानसभाका सदस्य, विषयविज्ञ, पूर्वप्रशासक र पूर्वकानुन सचिवसँग निरन्तर परामर्श गरिरहेको छ ।

उक्त कार्यदलले यही वैशाख ७ गते हालसम्म पाँचवटा औपचारिक बैठकमार्फत घनिभूत छलफल चलाइरहेको छ । रास्वपाबाट प्रतिनिधिसभा सांसद एवं कार्यदलका सदस्य मोहनलाल आचार्यले संविधान संशोधनका विषयवस्तु र अवधारणाबारे विषयविज्ञ, कानुन व्यवसायी, वरिष्ठ अधिवक्ता, पूर्वप्रशासकसँग निरन्तर छलफल भइरहेको जानकारी दिनुभयो । कार्यदलसँगको छलफलमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलले संविधान संशोधनका विषयवस्तु र आवश्यकताबारे आ-आफ्ना दलगत धारणा प्रस्तुत गर्नुभएको उहाँले जानकारी दिनुभयो ।

आगामी बहसमा तीन तहको शासकीय संरचनाको अधिकार र कार्यक्षेत्रका बारेमा गहन छलफलको आवश्यकतामा जोड दिँदै उहाँले राज्यको प्राथमिकतामा रहेको संविधान संशोधनको विषयलाई लामो समयसम्म अल्झनमा राख्न नहुने धारणा व्यक्त गर्नुभयो । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसद्, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा निर्वाचन प्रणालीमा सुधार, प्रदेश र प्रदेश मन्त्रिमण्डलको संख्या र आकार, उपराष्ट्रपति पदको आवश्यकता र सान्दर्भिकता, प्रधानमन्त्री र मुख्यमन्त्रीको कार्यकालजस्ता विषयवस्तुले संविधान संशोधन बहसलाई उचाइमा पुऱ्याएको छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य सङ्ख्या घटाउने तथा संसद् अधिवेशन सञ्चालन हुने निश्चित दिन संविधानमै निर्धारण गर्ने विषय पनि संशोधन बहसको 'एजेण्डा' बनेको छ । संविधानमै आवधिक निर्वाचनको मिति किटान गर्ने विषय पनि यसअघिदेखि नै उठ्दै आएको छ ।

कांग्रेस उपसभापति एवं संविधानसभा सदस्य पुष्पा भुसालले सङ्घीयता र लोकतन्त्रको मूल्यमान्यताको कसीमा रहेर संविधान संशोधन आवश्यकतालाई सम्बोधन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्रको उच्चतम् अभ्यास गरिरहेको नेपालले संविधान संशोधनका नाममा दलविहीन स्थानीय तहको कल्पना गर्न सक्दैन ।"

पूर्वमन्त्री एवं नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेलले हालै 'नेपालको संविधान सशोधनः कारण, आधार तथा संशोधन प्रस्ताव विवरण' विषयक कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक स्थायित्वका लागि कार्यकारी राष्ट्रपति, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र निर्वाचन प्रणालीमा सुधारजस्ता विषय प्रखर रुपमा आएको बताउनुभयो । मौजुदा संविधानका अन्तरनिहीत विशेषताकारुपमा लोकतान्त्रिक गणतन्त्र, तीन तहको सङ्घीय संरचनामा आधारित शासन प्रणाली, समावेशी लोकतन्त्र, आवधिक निर्वाचन र मिश्रित निर्वाचन प्रणाली रहेको छ ।

संविधान संशोधन कसैको चाहना कि आवश्यकता भन्ने पाटोमा बहस जरुरी रहेको बताउँदै प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बास्कोटाले भन्नुभयो, "संविधान संशोधन प्राविधिक मात्र नभई संसद्कै विषय र राजनीतिक 'एजेण्डा' भएकाले त्यसै आधारमा यो अघि बढ्छ ।" न्यायलयतर्फ पूर्वप्रधानन्यायाधीश वा सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा एक न्यायिक आचारण अनुगमन आयोग गठन, संवैधानिक परिषद्को सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति र सेवाको शर्त निर्धारण तथा प्रधानमन्त्री तथा मुख्यमन्त्रीलाई कानुनी राय-सल्लाह प्रदान गर्न बेग्लै कानुन सल्लाहकारको व्यवस्था गर्न पनि विज्ञहरुको सुझाव छ ।

पूर्वमन्त्री एवं वरिष्ठ अधिवक्ता अग्निप्रसाद खरेलले संविधान संशोधनको विषय निकै जटिल रहेकाले सुविचारित ढङ्गबाट यस विषयमा विचार र कलम चलाउनुपर्ने सुझाव दिनुभयो । वरिष्ठ अधिवक्ता एकराज भण्डारीले संवैधानिक निकाय राजनीतिक कार्यकर्ताको भर्तीले बदनाम भएकाले राजनीतिक दल र सिद्धान्त होइन, त्यसलाई हाँक्ने नेतृत्व असफल भएको पक्षलाई पनि संविधान संशोधनका समयमा हेक्का ध्यानाकर्षण गराउनुभयो ।

सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्तिमा पारदर्शीता कायम गर्ने, न्याय परिषद्को संरचना सुधार गर्ने, संवैधानिक इजलास गठन गर्ने, सर्वोच्च अदालतको क्षेत्राधिकार विस्तार गर्ने, निर्वाचन विवाद सुनुवाइ सम्बन्धमा उच्च अदालतलाई जिम्मेवारी थप गर्ने, महान्यायाधिवक्ताको संवैधानिक हैसियतमा सुधारलगायत विषय पनि संविधान सशोधन बहसको सूचीमा परेको छ ।

संविधानसभा सदस्य जीतेन्द्रनारायण देवले संसद्मा बहुमत प्राप्त वा ठूलो दलले मात्र सरकार बनाउने संवैधानिक प्रावधानले पनि राजनीतिक स्थायित्वलाई सघाउने पक्षलाई बेवास्ता गर्न नमिल्ने धारणा राख्नुभयो । जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था खारेज गर्ने विषय पनि संविधान संशोधनको बहसका रुपमा अघि बढाइनुपर्ने सुझाव छ ।

संविधानसभा सदस्य रामनारायण बिडारीले लोकतन्त्रको दृष्टिकोणबाट हेर्दा वर्तमान संविधान संसारका २० उच्च कोटीको सूचीमा रहे तापनि अभ्यासकर्ताले दुरुपयोग गरेका कारणले संशोधनको आवश्यकता देखिएको प्रतिक्रिया दिनुभयो । उहाँले संविधान कार्यान्वयन गर्ने सिलसिलामा यस अवधिमा कहाँ के-कस्तो अप्ठ्यारो परेको छ, त्यो ठाउँमा मात्र संशोधन गर्न उपयुक्त हुने धारणा राख्नुभयो ।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान संशोधनजस्तो महत्वपूर्ण कार्य अघि बढाउँदा दलीय शक्ति सन्तुलन र भूराजनीतिक संवेदनशीलताको पाटोमा पनि हेक्का गर्न आवश्यक रहेको बताउनुभयो । संविधानसभा सदस्य लक्ष्मणलाल कर्णले संविधान संशोधन जाहेज भए पनि विगतका आन्दोलन र सङ्घर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै देश र जनताको हितमा अघि बढाउन सुझाव दिनुभयो ।

संविधानसभा सदस्य कृष्णभक्त पोखरेलले विगतका गलत अभ्यासले न्यायमूर्तिका रुपमा रहने न्यायाधीश छनोट र नियुक्तिमा समेत सन्तुष्टि जनाउने र 'आहा' भन्ने अवस्था बन्न नसकेको प्रतिक्रिया दिनुभयो । अहिले संविधान संशोधनको बहसमा गाउँसभा र नगरसभादेखि सर्वोच्च अदालतको क्षेत्राधिकार र सुधार, न्यायाधीशको आचरण, अध्यादेश, संसद् अधिवेशन आरम्भ र अन्त्य, प्रधानमन्त्रीको पदावधि, उपराष्ट्रपति पदको सान्दर्भिकता र कार्यकारी राष्ट्रपति रहने व्यवस्थासम्मका विषयले चर्चा पाइरहेको छ । रासस

# संविधान संशोधन कार्यदलद्वारा पूर्वमहान्यायाधिवक्तासँग छलफल

काठमाण्डु । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले आज पूर्वमहान्यायाधिवक्ता तथा कानुन क्षेत्रका विज्ञहरुसँग परामर्श गरेको छ ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उक्त छलफल गरेको हो । छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ताहरुले शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचना, न्यायपालिकाको पुनःसंरचना, संवैधानिक निकायको सङ्ख्या तथा समावेशितालगायत विषयमा आ-आफ्ना सुझाव प्रस्तुत गर्नुभएको थियो ।



पूर्वमहान्यायाधिवक्ता डा युवराज सङ्गौलाले संविधान संशोधनको उद्देश्य र आवश्यकता स्पष्ट रूपमा परिभाषित गर्न कार्यदललाई सुझाव दिनुभयो । उहाँले स्थानीय तहलाई गैरदलीय बनाउने, प्रदेश प्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न सकिने तथा केही अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्नुपर्ने बताउनुभयो ।

पूर्वमहान्यायाधिवक्ता सविता भण्डारीले संविधान वा कानुनभन्दा त्यसको कार्यान्वयन गर्ने सोच र आचरण महत्वपूर्ण हुने बताउनुभयो । उहाँले शासकीय स्वरुप परिवर्तन आवश्यक नरहेको धारणा राख्दै विज्ञसँगै सांसदलाई मन्त्री बन्न पाउने व्यवस्था उपयुक्त हुने उल्लेख गर्नुभयो । विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने, प्रदेशको सङ्ख्या घटाउने तथा मन्त्रालयमा दोहोरोपन हटाएर गाभ्नुपर्ने राय पूर्वमहान्यायाधिवक्ता भण्डारीले व्यक्त गर्नुभयो । न्याय परिषद् तथा संसदीय सुनुवाइको संरचनामा पनि पुनर्विचार गर्न सकिने उहाँको भनाइ थियो ।

पूर्वमहान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो । उहाँले सांसद मन्त्री बन्न नहुने, न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको तथा संवैधानिक इजलासको औचित्यमाथि पुनर्विचार गर्नुपर्ने बताउनुभयो ।

पूर्वमहान्यायाधिवक्ता महादेवप्रसाद यादवले संविधान कार्यान्वयन, राज्य निर्माणमा नेतृत्वको चरित्र र नैतिकताको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय जलेश्वरको २१ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८३/०१/२४)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि., शाखा कार्यालय, जलेश्वर**

| क्र. सं. | ग्रहकको आई.डी नं. | नाम | बुवा/पतिको नाम | वाजे/ससुराको नाम | ठेगाना | उदेश्य | वांकी सांवा | २०८३ चैत्र म. सम्मको व्याज | जम्मा | पि.जि./धितो मञ्जूरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५४०३५५२ | उमेश कुमार अधिकारी | देवनन्दन राय यादब | जसु राय | एकडरा ०४ | ओ.डी | ८१०००० | ७५२६० | ८८५२६० | | |
| २ | ८२२०३०१ | कामधेनु गाई पालन फर्म (प्रो. दुखमोचन अधिकारी ) | किशोरी अधिकारी | मोहन अधिकारी | पिपरा ०३ | गाई पालन | १३४०००० | १९०९९० | १५३०९९० | | |
| ३ | ५४५९३२८ | भरत मुखिया | सुखदेव मुखिया | फेकन मुखिया | पिपरा ०५ | धर निर्माण | ५८०३०० | २०२५०० | ७८२८०० | | |
| ४ | ९४५०३१ | हरीशंकर साह | लक्ष्मण साह | कन्तु साह | पिपरा ०१ | ब्यपार | १०००००० | १४६०० | १०१४६०० | लक्ष्मण साह | |
| ५ | ९४४३७१ | ब्रहमानन्द शर्मा | रामनरेश शर्मा | शिव गुलाम शर्मा | महोत्तरी ८ | धरायसी | ३००००० | १५००० | ३१५००० | | |
| ६ | ५२९१३०४ | जय बबा बिश्वर्कमा स्टील र्वकशप (प्रो. शिला ठाकुर) | रामचन्द्र ठाकुर | ब्उलाल ठाकुर | जलेश्वर २ | ब्यपार | ९००००० | १५००० | ९१५००० | | |
| ७ | ९४५७३९ | सुरेन्द्र प्रसाद सिंह राजपुत | गंगा प्रसाद सिह | सुर्य नरायण सिह | जलेश्वर ०९ | घरायसी | ७००००० | ३२००० | ७३२००० | | |
| ८ | ९४४३२७ | बनारसी देवी साह | केवल साहु | जगदेव साहु | हलखोरी ०९ | घरायसी | ८००००० | २०००० | ८२०००० | | |
| ९ | ९४७२७४ | संजय कुमार झा | मोद नरायण झा | सर्जुगकान्त झा | बथनहा १ हाल मनरा सिस्वा ०९ | सरल कृषि कर्जा | ८८०००० | ७१००० | ९५१००० | | |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**



## सिद्धार्थ बैंक लिमिटेड, तपसिल शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०१/२४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, किसाननगर गा.वि.स./न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०६९/१०/२८ गते उद्योग दर्ता नं. ३५१३/१४५/०६९/०७० तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय बर्दिबासमा मिति २०७६/०१/२९ मा स्थायी लेखा नम्बर (PAN) ६१०६४४३३१ अन्तर्गत दर्ता कायम भएको **माँ मनोकामना गिटी बालुवा वासिङ्ग उद्योग** ।

**प्रोप्राईटर : चतुरी साह कलवार**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. हिरामन साहको नाति, महाविर साहको छोरा, महोत्तरी जिल्ला, साविक बर्दिबास न.पा./गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ बस्ने **चतुरी साह कलवार** (ना.प्र.नं. ०४९२२३१९, जारी मिति २०५०/०५/३१, जि.प्र.का. महोत्तरी) । | २. महाविर साहको नाति, चतुरी साह कलवारको छोरा, महोत्तरी जिल्ला, साविक बर्दिबास न.पा./गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ बस्ने **दिपक कुमार साह** (ना.प्र.नं. ५४२, जारी मिति २०५७/०४/३०, जि.प्र.का. महोत्तरी) । |
| ३. महाविर साहको बुहारी, चतुरी साह कलवारको पत्नी, महोत्तरी जिल्ला, साविक बर्दिबास न.पा./गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ बस्ने **किरण देवी साह** (ना.प्र.नं. ०५१/४७५ जारी मिति २०५१/११/१४, जि.प्र.का. महोत्तरी) । | ४. महाविर साहको छोरा, चतुरी साह कलवारको छोरा, महोत्तरी जिल्ला, साविक बर्दिबास न.पा./गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ बस्ने **श्यामबाबु कुमार साह** (ना.प्र.नं. १८३०७४/१५, जारी मिति २०६३/११/०२, जि.प्र.का. महोत्तरी) । |
| ५. चतुरी साह कलवारको बुहारी, श्यामबाबु कुमार साहको पत्नी, बारा जिल्ला, साविक कलैया न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ बस्ने **सुनैना कुमारी** (ना.प्र.नं. ३३१४५५/५३९, जारी मिति २०६३/१२/१५, जि.प्र.का. बारा) । | ६. चतुरी साह कलवारको बुहारी, दिपक कुमार साहको पत्नी, महोत्तरी जिल्ला, साविक बर्दिवास गा.वि.स./न.पा वडा नं. १४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास गा.पा./न.पा. वडा नं. १४ बस्ने **सोनी गुप्ता** (ना.प्र.नं. १८-०५-७५-०१५००, जारी मिति २०७५/०९/०८, जि.प्र.का. महोत्तरी) । |

**धितोको विवरण**

१. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी माँ मनोकामना गिटी बालुवा वासिङ्ग उद्योग भएको वीरगंज यातायात कार्यालयमा दर्ता कायम भएका तपसिल बमोजिमका सवारी साधनहरुः

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| LPK2518/38HD TATA HCVV Tipper | प्रदेश २-०३ ००१ क-०८४९ | 91H63806239 | MAT448137K3R20809 |
| LPK2518/38HD TATA HCVV Tipper | प्रदेश २-०३ ००१ क-०८५० | 91H63806447 | MAT448137K3R21001 |

२. माँ मनोकामना गिटी बालुवा वासिङ्ग उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शाखा कार्यालय : मिर्चैया, सिराहा**

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| राम अधिन साहको नाति, हृदय साह सुडीको छोरा, सिराहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **दिलिप कुमार साह** (ना.प्र.नं. १५१६४३/१७९२, जारी मिति २०५४/०८/०४, जि.प्र.का. सिराहा) । | हृदय साह सुडीको बुहारी, दिलिप कुमार साहको पत्नि, सिराहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **अर्चना देवी साह** (ना.प्र.नं. ७७३८४१६१, जारी मिति २०६०/१०/०७, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**


१. दिलिप कुमार साह (ना.प्र.नं. १५१६४३/१७९२, जारी मिति २०५४/०८/०४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. १८३२ को क्षेत्रफल ०-०-८$^{१/२}$ (बि.क.धु.) र सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ घ स्थित कि.नं. १४३२ को क्षेत्रफल ०-१-१२$^{१/४}$ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. अर्चना देवी साह (ना.प्र.नं. ७७३८४१६१, जारी मिति २०६०/१०/०७, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ३३५२ को क्षेत्रफल ०-०-११ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय
बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०६४०
मिर्चैया, सिराहा, फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# मध्यपूर्व युद्ध अन्त्य गर्न चीनको आह्वान



रासस/एएफपी । मध्यपूर्वमा बढ्दो तनावबीच चीनले तत्काल र पूर्ण रूपमा लडाइँ अन्त्य गर्न आह्वान गर्दै सबै पक्षलाई शान्ति वार्तामा फर्कन आग्रह गरेको छ । चीनले विशेषगरी संयुक्त राज्य अमेरिका र इरानबीचको विवाद समाधान गर्दै रणनीतिक जलमार्ग स्ट्रेट अफ हर्मुज पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएको छ ।

बेइजिङमा इरानी विदेशमन्त्री अब्बास अराघचीसँग भएको वार्तापछि चिनियाँ विदेशमन्त्री वाङ यीले जारी गरेको वक्तव्यमा मध्यपूर्वमा जारी शत्रुता अब ढिलाइ नगरी अन्त्य गर्नुपर्ने स्पष्ट सन्देश दिइएको छ ।

वाङ यीका अनुसार चीनले लडाइँको 'पूर्ण समाप्ति' तत्काल हुनुपर्ने ठान्छ र शत्रुता पुनः शुरु हुनु अस्वीकार्य छ । उहाँले वार्ता निरन्तर जारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै सबै पक्षलाई कूटनीतिक समाधानतर्फ फर्कन आग्रह गर्नुभयो ।

उहाँले विशेष रूपमा स्ट्रेट अफ हर्मुज मार्फत समुद्री यातायात सुरक्षित रूपमा पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिँदै अन्तर्राष्ट्रिय समुदायको तत्काल आह्वानप्रति सम्बन्धित पक्षहरूले छिटो प्रतिक्रिया दिनुपर्ने बताउनुभयो ।

आणविक मुद्दाबारे टिप्पणी गर्दै चिनियाँ विदेशमन्त्रीले इरानलाई शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्ने अधिकार रहेको स्वीकार गर्नुपर्ने बताउनुभयो । साथै, इरानले आणविक हतियार विकास नगर्ने प्रतिबद्धता जनाएकोमा चीनले स्वागत गरेको उहाँको भनाइ छ ।

चीनले मध्यपूर्वमा देखिएको तनावप्रति प्रत्यक्ष आर्थिक र रणनीतिक चासो राख्छ । समुद्री विश्लेषण संस्था केप्लरका अनुसार चीनले समुद्री मार्गबाट आयात गर्ने कच्चा तेलमध्ये आधाभन्दा बढी मध्यपूर्वबाट आउँछ, जुन अधिकांश रूपमा हर्मुज जलमार्ग हुँदै पार गरिन्छ । त्यसैले उक्त मार्ग अवरुद्ध हुँदा चीनको ऊर्जा आपूर्ति प्रणालीमा प्रत्यक्ष असर पर्ने जोखिम रहन्छ ।

बेइजिङले पछिल्ला कूटनीतिक प्रयासमार्फत सङ्कट समाधानमा मौन तर सक्रिय भूमिका खेल्दै आएको बताइएको छ । वाङ यीका अनुसार चीनले वासिङ्टन र तेहरानबीच बनेको नाजुक युद्धविरामलाई समर्थन गर्दै आएको र त्यसमा आफ्ना कूटनीतिक पहलहरूले पनि योगदान दिएको छ ।

उहाँले चीन आगामी दिनमा पनि तनाव घटाउन, लडाइँ अन्त्य गर्न र शान्ति वार्ता अघि बढाउन सक्रिय भूमिका खेल्ने बताउँदै मध्यपूर्वमा स्थायित्व पुनःस्थापना गर्न सबै पक्षसँग सहकार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा




काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिया खेलकुद छनोट तथा एसिसी महिला प्रिमियर कपका लागि आज नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ ।

क्यानले १४ सदस्यीय नेपाली महिला खेलाडीको नाम सार्वजनिक गरेको हो । वैकल्पिकमा भने चार जना छन् ।

टोलीको कप्तानी इन्दु बर्माले गर्नेछिन् भने उपकप्तानको जिम्मेवारी पूजा महतोले सम्हाल्नेछिन् । सो टोलीमा विन्दु रावल, सम्झना खड्का, रुवी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, सीता राना मगर, अनु कडायत, मनीषा उपाध्याय, रुविना क्षेत्री, सोनी पाखिन र सीमा केसी समावेश छन् ।

त्यसैगरी वैकल्पिक खेलाडीका रूपमा सावित्री धामी, सोमु विष्ट, सना प्रवीण र लक्ष्मी साउदलाई राखिएको क्यानले जनाएको छ । मलेसियामा हुने एसियन गेम्स छनोट मे २३ देखि ३१ तारिखसम्म हुँदैछ भने प्रिमियर कप आगामी जुन १ देखि १३ सम्म हुनेछ । रासस

# ऊर्जा संकटले विश्व अर्थतन्त्रमा थप चुनौती, पेट्रोल मूल्य उकालो




रासस/एएफपी । इरानसँगको युद्ध शुरु भएपछि विश्व ऊर्जा बजारमा देखिएको अस्थिरताका कारण अमेरिकामा पेट्रोलको मूल्य अत्यधिक रूपमा बढेको छ । पछिल्लो विवरणअनुसार पेट्रोलको मूल्य करिब ५० प्रतिशतले वृद्धि भएको छ भने मात्र एक हप्ताको अवधिमा प्रति ग्यालोन ३१ सेन्टले बढेर औसत ४.४८ डलर पुगेको छ। यसले दैनिक जीवनयापन र यातायात खर्चमा ठूलो असर पारेको छ ।

विशेषज्ञहरूका अनुसार मूल्य वृद्धिको मुख्य कारण विश्वव्यापी ऊर्जा संकट हो, जसमा कच्चा तेलको आपूर्ति र वितरण प्रणाली गम्भीर रूपमा प्रभावित भएको छ। फारस खाडीस्थित महत्वपूर्ण समुद्री मार्ग हर्मुज जलडमरूमा उत्पन्न तनावका कारण तेल ट्यांकरहरू आवागमन गर्न नसक्दा आपूर्ति श्रृंखला अवरुद्ध भएको छ । विश्वको करिब एक-पाँचौं कच्चा तेल यही मार्ग हुँदै अन्तर्राष्ट्रिय बजारमा पुग्ने भएकाले यहाँको अवरोधले विश्वभर प्रभाव पारेको हो ।

यसअघि अप्रिल महिनामा युद्ध केही शान्त हुने संकेत देखिँदा बजारमा आशावाद फैलिएको थियो र पेट्रोलको मूल्य केही समयका लागि घटेको पनि थियो । तर द्वन्द्व पुनः तीव्र भएपछि कच्चा तेलको मूल्य फेरि बढ्न थालेको र त्यसको प्रत्यक्ष असर पेट्रोल पम्पसम्म पुगेको हो ।

विश्लेषकहरूले यो अवस्था लामो समयसम्म जारी रहेमा मुद्रास्फीति अझ बढ्ने, ढुवानी लागत महँगिने र विश्व अर्थतन्त्रमा थप दबाब सिर्जना हुने चेतावनी दिएका छन्। उपभोक्ताहरूले इन्धन खर्च बढ्दा अन्य वस्तु तथा सेवामा पनि मूल्य वृद्धि अनुभव गर्न सक्ने सम्भावना रहेको बताइएको छ ।

# ऊर्जा संकटसँग जुध्न अष्ट्रेलियाको नयाँ रणनीति



रासस/एएफपी । अष्ट्रेलियाली सरकारले देशको इन्धन सुरक्षालाई सुदृढ बनाउन आगामी संघीय बजेटमार्फत १० अर्ब अष्ट्रेलियाली डलरभन्दा बढी रकम विनियोजन गर्ने घोषणा गरेको छ ।

प्रधानमन्त्री एन्थोनी अल्बानीजले बुधबार सिड्नीमा आयोजित पत्रकार सम्मेलनमा यस प्याकेजअन्तर्गत राष्ट्रिय इन्धन भण्डार स्थापना गरिने र सबै प्रकारका इन्धनका लागि न्यूनतम भण्डारण दायित्व करिब १० दिनले बढाइने जानकारी दिनुभयो ।

उहाँका अनुसार यस योजनाले अष्ट्रेलियाको आन्तरिक इन्धन भण्डारण क्षमता विस्तार गरी कम्तीमा ५० दिनको आपूर्ति सुनिश्चित गर्नेछ ।

सरकारले ७.५ अर्ब अष्ट्रेलियाली डलर 'इन्धन तथा मल सुरक्षा सुविधा' स्थापना गर्न खर्च गर्नेछ, जसअन्तर्गत ऋण, लगानी, बीमा र मूल्य सहयोगमार्फत घरेलु आपूर्ति र भण्डारण क्षमता बढाइनेछ । यसैगरी थप ३.२ अर्ब अष्ट्रेलियाली डलर खर्च गरी करिब १ अर्ब लिटर क्षमताको सरकारी स्वामित्वको इन्धन भण्डार निर्माण गरिनेछ, जुन आपूर्ति संकटका बेला विशेष गरी क्षेत्रीय क्षेत्रमा आवश्यक सेवा प्रदायकलाई सहयोग गर्न लक्षित हुनेछ ।

नयाँ वा विस्तारित प्रशोधन क्षमताको सम्भाव्यता अध्ययनका लागि १० लाख अष्ट्रेलियाली डलर पनि छुट्याइएको छ ।

प्रधानमन्त्री अल्बानीजले नागरिकहरूलाई इन्धन बचत गर्न पनि आग्रह गर्नुभयो । उहाँले विश्व अहिले गम्भीर ऊर्जा संकटबाट गुज्रिरहेको उल्लेख गर्दै यसको प्रभाव विशेषगरी क्षेत्रीय देशहरूमा परेको बताउनुभयो ।

ऊर्जामन्त्री क्रिस बोवेनले सरकार 'इतिहासकै सबैभन्दा ठूलो ऊर्जा संकट' सामना गर्न केन्द्रित रहेको बताउनुभयो। उहाँका अनुसार अप्रिल महिनामा इन्धन आयात ९२ ढुवानीसम्म पुगेको छ, जुन यस वर्षकै उच्च हो ।

विपक्षी नेता एङ्गस टेलरले भने सरकारको योजना 'ढिलो र अपर्याप्त' भएको टिप्पणी गर्नुभयो । उहाँले ६० दिनदेखि ९० दिनसम्मको इन्धन भण्डार आवश्यक रहेको बताउनुभएको छ ।

# आर्सनल २० वर्षपछि च्याम्पियन्स लिगको फाइनलमा

**टुडे समाचारदाता**



एजेन्सी । आर्सनल एट्लेटिको मड्रिडलाई १-० ले हराउँदै युरोपियन च्याम्पियन्स लिगको फाइनलमा प्रवेश गरेको छ ।

दुई लेगको समग्र नतिजामा आर्सनलले २-१ को जित निकाल्दै २० वर्षपछि पहिलो पटक प्रतियोगिताको फाइनल यात्रा तय गरेको छ । पहिलो लेग १-१ को बराबरीमा टुंगिएको थियो ।

लन्डनस्थित एमिरेट्स स्टेडियममा भएको खेलमा आर्सनलका बुकायो साकाले निर्णायक गोल गरेका थिए । खेलको ४४औँ मिनेटमा लिएन्ड्रो ट्रोसार्डले प्रहार गरेको बल गोलकिपर जान ओब्लाकले बचाए पनि रिबाउन्ड साकासम्म पुगेको थियो । साकाले त्यसलाई सहजै गोलमा परिणत गरेका थिए ।

त्यसअघि खेलको सुरुवातमा एट्लेटिकोले राम्रो अवसर बनाएको थियो । तर डेक्लान राइसले उत्कृष्ट ब्लक गर्दै जुलियानो सिमेओनेलाई गोल गर्नबाट रोकेको थियो ।

दोस्रो हाफमा आर्सनलले थप गोल गर्ने अवसर पनि पाएको थियो । भिक्टर ग्योकेरेसले पिएरो हिन्कापिएको क्रसमा प्रहार गरे पनि बल पोस्टमाथि गएको थियो ।

खेलका क्रममा गाब्रिएल मागाल्हाएस र जुलियानो सिमेओनेबीचको टक्करपछि भिएआर जाँच पनि भएको थियो । पछि एन्ट्वइन ग्रिजम्यान पेनाल्टी क्षेत्रमा लडाइए पनि रेफ्रीले पेनाल्टी दिएनन् ।

अन्ततः साकाको गोल नै निर्णायक बन्यो र प्रिमियर लिगको आर्सनलले फाइनलमा स्थान पक्का गरेको थियो । अब आर्सनलले उपाधिका लागि पेरिस सेन्ट जर्मेन (पिएसजी) वा बायर्न म्युनिखमध्ये एक टोलीसँग प्रतिस्पर्धा गर्नेछ ।

साकाले यो सिजन च्याम्पियन्स लिगमा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । एमिरेट्स मैदानमा उनले १४ खेलमा ९ गोल र ५ असिस्ट गरेका छन् ।

यो जितसँगै आर्सनलले स्पेनी क्लबविरुद्धको राम्रो रेकर्ड पनि कायम राखेको छ । टोली च्याम्पियन्स लिगमा स्पेनका क्लबविरुद्ध पछिल्ला नौ खेल विजयी भएको छ ।

# रुसले युद्धविराम उल्लङ्घन गरेको युक्रेनको आरोप



रासस/एएफपी। रुसले युक्रेनले प्रस्ताव गरेको एकपक्षीय युद्धविरामलाई उल्लङ्घन गर्दै रातभरि ठूला स्तरका ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको युक्रेनी अधिकारीहरूले आरोप लगाएका छन् । किएभका अनुसार उक्त आक्रमणले शान्ति प्रयासलाई पुनः कमजोर बनाएको छ ।

युक्रेनी पक्षका अनुसार रुसले एकै रातमा १०८ वटा लडाकू ड्रोन र तीनवटा क्षेप्यास्त्र प्रहार गरेको थियो । युक्रेनले आह्वान गरेको युद्धविराम मे ६ को मध्यरातदेखि लागू हुने भनिए पनि मस्कोले त्यसलाई स्वीकार गरेको औपचारिक सङ्केत नदिएको बताइएको छ ।

राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले केही दिनअघि रुसले मे ९ मा हुने विजय दिवस परेडलाई ध्यानमा राख्दै छोटो समयका लागि युद्धविराम घोषणा गरेको बताउनुभएको थियो । तर किएभका अनुसार पछिल्ला आक्रमणहरूले मस्कोको वास्तविक उद्देश्य शान्ति नभई सैन्य प्रदर्शनलाई प्राथमिकता दिने देखाएको छ ।

यसै सन्दर्भमा युक्रेनका विदेशमन्त्री एन्ड्री सिबिगाले सामाजिक सञ्जालमार्फत रुसको कदमको कडा आलोचना गर्दै मस्कोले शान्ति अस्वीकार गरेको र कथित युद्धविरामको आह्वान 'कूटनीतिक नभई प्रचारात्मक' मात्र भएको टिप्पणी गर्नुभयो । उहाँका अनुसार रुसले मानव जीवनभन्दा सैन्य प्रदर्शनलाई प्राथमिकता दिएको स्पष्ट देखिन्छ ।

यसअघि मङ्गलबार मात्र रुसले युक्रेनका विभिन्न सहरहरूमा ड्रोन, मिसाइल र बम आक्रमणको शृङ्खला चलाएको थियो, जसमा कम्तीमा २८ जनाको मृत्यु र दर्जनौँ घाइते भएको युक्रेनी पक्षले जनाएको छ । युक्रेनतर्फबाट गरिएको प्रतिआक्रमणमा भने क्रिमियामा पाँच जना र रुसको भित्री क्षेत्रमा लामो दूरीका ड्रोन आक्रमणमा दुई जनाको मृत्यु भएको बताइएको छ ।

फेब्रुअरी २०२२ मा रुसले पूर्ण आक्रमण सुरु गरेयता जारी युद्धले युरोपकै सबैभन्दा ठूलो द्वन्द्वको रूप लिएको छ । हालसम्म भएको वार्तामा उल्लेखनीय प्रगति हुन सकेको छैन ।

रुसले युक्रेनलाई पूर्वी क्षेत्रबाट सेना फिर्ता गर्न र पश्चिमी सैन्य सहयोग अस्वीकार गर्नुपर्ने माग राख्दै आएको छ, जसलाई किएभले आत्मसमर्पणसरहको शर्त भन्दै अस्वीकार गर्दै आएको छ ।

यसैबीच, रुसको रक्षा मन्त्रालयले राति २१:०० देखि बिहान ०७:०० (१८००-०४०० जिएमटी) बीच ५३ युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ । यद्यपि किएभको युद्धविराम घोषणा लागू भएपछि ती घटनाहरू त्यससँग सम्बन्धित थिए वा थिएनन् भन्नेबारे मस्कोले स्पष्ट विवरण दिएको छैन ।

# चेन्नईको जितमा सामसनः कार्तिक र स्पिनरको उत्कृष्ट प्रदर्शन

**टुडे समाचारदाता**

एजेन्सी । चेन्नई सुपर किंग्सले इन्डियन प्रिमियर लिग (आइपिएल) मा दिल्ली क्यापिटल्सलाई ८ विकेटले हराएको छ ।

दिल्लीमा मंगलबार राति भएको खेलमा चेन्नईले १५ बल बाँकी रहँदै लक्ष्य पूरा गर्दै सहज निकालेको छ ।

पहिले ब्याटिङ गरेको दिल्लीले २० ओभरमा ७ विकेट गुमाएर १ सय ५५ रन बनाएको थियो ।

तर दोस्रो इनिङ्समा पिच ब्याटिङका लागि केही सहज बनेपछि चेन्नईले १७.३ ओभरमा २ विकेट मात्र गुमाएर १ सय ५९ रन बनाउँदै लक्ष्य भटाएको थियो ।

चेन्नईको जितमा सञ्जु सामसनले उत्कृष्ट प्रदर्शन गर्दै ५२ बलमा अविजित ८७ रन बनाए। उनले संयमित सुरुवात गरे पनि पछि आक्रामक खेल प्रदर्शन गरेको थियो । उनलाई कार्तिक शर्माले ३१ बलमा ४१ रन बनाएर राम्रो साथ दिएको थियो ।

त्यसअघि चेन्नईका स्पिनरहरूले दिल्लीलाई ठूलो स्कोर बनाउन दिएनन् । अकिल होसेनले ४ ओभरमा १९ रन खर्चेर १ विकेट लिए । नूर अहमदले ३ ओभरमा २२ रन दिँदै २ विकेट लिएको थियो ।

चेन्नईको बलिङ सिजनको सुरुवातमा कमजोर देखिएको थियो। लगातार तीन खेलमा उनीहरूको बलिङ निकै महँगो सावित भएको थियो । तर त्यसपछि टोलीले शानदार पुनरागमन गर्दै पछिल्ला ७ खेलमा ५१ विकेट लिएको छ । यो प्रतियोगिताको उत्कृष्टमध्ये एक छ ।

सुरुवाती ओभरहरूमा रन बनाउन निकै कठिन भएको थियो । पहिलो चार ओभरमा धेरै डट बल खेलेका कारण ब्याटरहरू दबाबमा परेका थिए । दिल्लीका केएल राहुल र पथुम निसांकाले राम्रो सुरुवात गर्ने प्रयास गरे पनि फिल्डरकै हातमा क्याच दिएर आउट भए ।

दुई दायाँहाते ओपनर भएकाले चेन्नईले सुरुदेखि नै अकिललाई बलिङमा ल्यायो । निसांका आउट भएपछि दिल्लीले नितिश राणालाई पठाएर दबाब कम गर्ने प्रयास गरेको थियो। तर होसेनले राहुललाई आउट गर्दै दिल्लीलाई थप समस्यामा पारे ।

पावरप्ले सकिँदा दिल्ली २ विकेट गुमाएर ३७ रनको स्थितिमा पुगेको थियो। दिल्लीका कप्तान अक्षर पटेल यो सिजनमा राम्रो लयमा देखिएका छैनन् । यस खेलअघि उनले जम्मा ३३ रन मात्र बनाएका थिए, जसमा २६ रन एकै इनिङ्समा आएको थियो । यो खेलमा पनि उनी ठूलो इनिङ्स खेल्न सकेनन् ।




# दक्षिण कोरियाः सजाय बढाउने न्यायाधीश मृत फेला



रासस/एएफपी । पूर्व प्रथम महिलासम्बन्धी उच्च-प्रोफाइल मुद्दामा जेल सजाय दोब्बरभन्दा बढी गर्ने निर्णय गरेका दक्षिण कोरियाली न्यायाधीश मृत अवस्थामा फेला परेका छन् । घटनाले न्यायिक वृत्तमा चासो र चिन्ता दुवै बढाएको छ ।

प्रहरीका अनुसार सिन जोङ-ओ सियोल उच्च अदालत भवनभित्र मङ्गलबार राति करिब १:०० बजे (१६०० जिएमटी) बेहोस अवस्थामा फेला पर्नुभएको थियो । सेओचो जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकारीले उहाँलाई तुरुन्त अस्पताल लगिएको र त्यहाँ मृत घोषित गरिएको जानकारी दिएका छन् । प्रारम्भिक अनुसन्धानमा कुनै पनि बाह्य हस्तक्षेप वा आपराधिक गतिविधिको सङ्केत नदेखिएको प्रहरीले जनाएको छ ।

यद्यपि केही स्थानीय मिडियाले न्यायाधीशले आत्महत्याको नोट छोडेको दाबी गरे पनि अनुसन्धान अधिकारीले भने त्यस्तो कुनै नोट फेला नपरेको स्पष्ट पारेका छन् । घटनाको विस्तृत कारणबारे थप अनुसन्धान जारी रहेको बताइएको छ ।

सिन जोङ-ओले गत महिनामात्रै ५३ वर्षीया किम केओन ही को पुनरावेदन मुद्दाको अध्यक्षता गर्नुभएको थियो । सो मुद्दामा उहाँले किमलाई स्टक हेरफेर र घुसखोरीको दोषी ठहर गर्दै उहाँको जेल सजाय २० महिनाबाट बढाएर चार वर्ष पुऱ्याउने फैसला सुनाउनुभएको थियो ।


उक्त फैसला तल्लो अदालतले उहाँलाई पहिले दिएको रिहाइ निर्णय उल्ट्याउने ऐतिहासिक निर्णय मानिएको थियो । त्यस क्रममा न्यायाधीश सिनले किमले आफ्नो दोष स्वीकार गर्नुको सट्टा निरन्तर बहानाबाजी गरेको टिप्पणी पनि गर्नुभएको थियो ।

प्रहरी अधिकारीले बुधबार जानकारी दिँदै न्यायाधीशको परिवार गहिरो शोकमा रहेको र उनीहरूले गोपनीयता कायम राख्न अनुरोध गरेको बताएका छन् । घटनाले दक्षिण कोरियाली न्याय प्रणाली र हालैका संवेदनशील मुद्दाहरूबारे पुनः प्रश्न उठाएको छ ।

# नाकामा भन्सार कडाइले नेपालतर्फको बजारमा बढ्यो चहलपहल

सुदूरपश्चिम । भारततर्फबाट आयात हुने मालसामानमा सीमा क्षेत्रमा भन्सार कडाइ गरिएपछि यहाँको गौरीफन्टा नाकाको नेपालतर्फका व्यापारिक गतिविधिहरूमा पछिल्लो समयमा चहलपहल बढेको पाइएको छ।

पहिले सामान्य किनमेलदेखि धेरै बजार गर्नका लागि पनि स्थानीय नागरिक पारितर्फको बजारमा जाने गरेकामा पछिल्लो समय नेपाल सरकारले रु एक सयभन्दा बढीको सामानमा भन्सार कडाइ गरेपछि अहिले नेपालीतर्फको बजारमा नै किनमेल बढेको छ।




यसरी नेपालतर्फको बजारमा चहलपहल बढ्नुका साथै व्यवसायमा पनि वृद्धि भएपछि नेपाली व्यवसायीहरू खुसी भएको बताएका छन् । उनीहरूले वर्षौंदेखि सुनसान रहने बजारमा पनि अहिले व्यापारिक गतिविधि बढ्न थालेको जानकारी गराएका हुन् ।

धनगढीका स्टेशनरी व्यवसायी विजयराज पन्तले पहिलेको तुलनामा व्यापारिक गतिविधि केही बढेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "पहिले नेपाली उपभोक्ताहरु दुई किलो चिनी लिन पनि सीमापारि जान्थे, अहिले पारिका बजार नगई चिनीलगायतका सामान नेपाली बजारबाटै खरिद गर्दा सकारात्मक प्रभाव परेको छ ।" उहाँका अनुसार पहिलेको तुलनामा हालका दिनहरूमा चहलपहल बढेको भए पनि अपेक्षित सुधार भने भइनसकेको अनुभव सुनाउनुभयो ।

धनगढीका उपभोक्ता कृष्णबहादुर चौधरीले घरमा छोरीको विवाहको तयार ीस्वरुप तयारी कपडा किन्न सीमापारि बनगाउँ बजार पुगेर फर्किंदा सीमामा सास्ती खेप्नुपरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "सीमामा प्रहरी अधिकारीसँग विवाद भयो र ल्याइएका समानको आफूले भन्सार तिरेर लैजान बाध्य भएँ ।"

सीमापारिको बनगाउँ बजारबाट छोरीको विवाहमा चाहिने रु १२ हजार ४०० को तयारी लुगा भित्र्याउँदा भन्सार कार्यालयले सात हजार ९४५ रुपैयाँ कर लिएको उहाँले सुनाउनुभयो । तर सीमा क्षेत्रमा प्रहरीको सम्झाइबुझाई भन्दा पनि दबाब बढी हुने गरेको उहाँको अनुभव छ।

विदेशबाट आयात हुने समानमा अधिकतम् खुद्रा मूल्य (एमआरपी) लेबल अनिवार्य गरिएपछि भन्सार कार्यालयको काम केही प्रभावित पनि भएको छ । कैलाली भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत अनन्त तिमिल्सेनाले पेट्रोलियम पदार्थमा ५० प्रतिशत छुट दिने सरकारको निर्णयले चैत महिनाको तुलनामा यो महिना पेट्रोलियममा मात्र ३० प्रतिशतले राजस्व सङ्कलन प्रभावित भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "एमआरपी (अधिकतम खुद्रा मूल्य)को जाँच पासमा समस्या सृजना हुँदा पनि राजस्व प्रभावित हुन पुगेको छ ।" एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क लिने व्यवस्थामा कडाइ गरिँदा धेरै नेपाली उपभोक्ता किनमेलका लागि सीमापारिका बजारसम्म जान रोकिएको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "भन्सार शुल्क उठाउन कडाइ गरिएपछि सीमापारि जानेहरू हाल शून्यप्रायः छन्, धेरैजसो नेपाली उपभोक्ताहरु पर्ख र हेरको अवस्थामा बसिरहेको पाइन्छ । तर अहिलेका लागि भने उनीहरु नेपाली बजारमै किनमेल गरिरहेका छन् ।"

यात्रुले रु एक सयभन्दा बढीको मालवस्तु ल्याउँदा भन्सार लाग्ने पुरानै व्यवस्थालाई कार्यान्वयन गर्न अहिले कडाइ मात्र गरिएको उहाँले बताउनुभयो । भन्सार कार्यालयले भित्रिने मालवस्तुमा बढीमा ३९ प्रतिशतसम्म भन्सार शुल्क लिने गरेको छ।

राजस्व चुहावट नियन्त्रण गर्न रु एक सयभन्दा बढीका मालवस्तुमा कडाइका साथ भन्सार लिने कार्यले सकारात्मक प्रभाव देखिएको कतिपय नेपाली व्यापारीको प्रतिक्रिया छ। उनीहरु चुहावट नियन्त्रण गर्न सीमामा बस्ने कार्यालय र कर्मचारीलाई थप सशक्त र सक्रिय बनाउनुपर्ने बताउँछन् ।

सीमावर्ती क्षेत्रका नेपाली उपभोक्ताहरू मालवस्तु खरिद गर्न सीमापारि पुग्नुपर्ने सामान्य जस्तै थियो । तर अहिले भने भन्सारमा कडाइ गरिएपछि साइकलमा मालवस्तु भित्र्याउनेहरूको गतिविधि ह्वात्तै घटेको छ।

कैलालीको पहलमानपुरका तेजनारायण चौधरी सीमामा मालवस्तु ल्याउन कडाइ गरिएपछि चोर नाकाबाट अवैध चोरी हुने क्रम पनि बढ्ने आशङ्का गर्नुहुन्छ । अहिले यदाकदा उपभोक्ताहरूले यस्तो बाटो प्रयोग गरिरहेको पनि उहाँले सुनाउनुभयो ।

उहाँले भन्नुभयो, "भारतमा बनेको लुगा धुने एक पोका निर्मा पाउडरको नेपाली बजारमा रु १५० सम्म मूल्य पर्न थालेको छ, पहिले यो पाउडर रु १०० मा पाउँथ्यो । यो समान चोर नाकाबाट भित्रिएको हुनसक्ने आशङ्का छ।"

भन्सारमा कडाइ गरिएपछि भारतको सीमावर्ती बजार बनगाउँमा चहलपहल घटेको छ । नेपाली उपभोक्तालाई लक्षित गरेर सञ्चालन गरिएको उक्त बजारमा किनमेल गर्नेमध्ये झण्डै ९० प्रतिशत उपभोक्ता यसअधिसम्म नेपाली थिए । बजारमा नेपाली मुद्रामा कारोबार पनि सहज रूपमा हुने गरेको छ।

यसरी दिनहुँ मालबस्तुमा भन्सार महसुल लिने कार्य राम्रो भए पनि विवाह, व्रतबन्ध र कतिपय घरायसी प्रयोजनका लागि भित्र्याइने सामानहरूमा भन्सार महसुल लिने कुरा केही व्यावहारिक बनाउनुपर्ने स्थानीय नागरिकको सुझाव छ।

"व्यापारिक हिसाबले ल्याइने समानमा भन्सार शुल्क कडाइका साथ लिनुपछ", तेजनारायण चौधरीले भन्नुभयो, "तर विवाह, व्रतबन्ध र घर खर्चका लागि ल्याइने समानमा भन्सार शुल्क लिने कुरा व्यावहारिक नभएकाले यसमा केही पुनर्विचार गर्नु जायज हुन्छ। यसो हुँदा हाम्रो वारिपारिको व्यापारिकमात्र नभएर अन्य सम्बन्धका साथै धेरै कुराहरूमा पनि सहज हुन जानेछ।" रासस

# खौला-कार्किनेटा सडक कालोपत्र

पर्वत । ग्रामीण सडकहरू सामान्य मर्मत, सुधार र नाली सफा गर्ने कार्यबाहेक स्तरोन्नती र कालोपत्रका लागि अधिकांश स्थानीय तहहरु सङ्घीय र प्रदेश सरकारकै भर परिरहेको देखिन्छ।



तर सीमित स्रोत र साधनका बीच प्रभावकारी ढङ्गले बजेट उपयोग गर्दै यहाँको कुश्मा नगरपालिका-१३ खौलालाँकुरीले वडागत बजेटबाटै सडक कालोपत्रे सम्पन्न गरेको छ । कुश्मा -१३ वडाअध्यक्ष तेजप्रसाद चापागाईका अनुसार वडाको आफ्नै बजेटबाट दोविल्ला-सिल्मी-ठुलीपोखरी खौला-कार्किनेटा सडक खण्डको करिब तीन सय ५० मिटर भाग कालोपत्रे गरिएको हो।

वडामै पहिलोपटक छिमेकी वडा ठुलीपोखरीकोसिमानादेखि३५०मिटर सडक कालोपत्र गरिएको चापागाईंले बताउनुभयो । नगरपालिकाबाट वडागत रूपमा करिब रु ७० लाख बजेट सिलिङ प्रदान गरिए पनि विभिन्न विषयगत शीर्षकमा बजेट विनियोजन गर्दा सडक निर्माण योजनामा परेको रु ३२ लाख खर्च गरेर सडक कालोपत्र गरिएको हो।

कुश्मा नगरपालिकाले वडागत बजेट वितरण प्रणाली अपनाउँदा कतिपय स्थानमा अनावश्यक खर्च भएको जनाउँदै आलोचना भइरहेका बेला यो वडाले भने स्रोतको प्रभावकारी उपयोग गरी उदाहरणीय काम गरेको स्थानीयवासीको भनाइ छ।

वडाअध्यक्ष चापागाईंले उक्त सडक निर्माणकार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने योजना रहेको बताउनुभयो । "सीमित बजेटका कारण अपेक्षितस्तरमा काम गर्न केही समस्या भए पनि उपलब्ध स्रोतलाई अधिकतम प्रयोग गरेर काम अघि बढाएका छौँ", उहाँले भन्नुभयो।

उहाँका अनुसार केन्द्र र प्रदेश सरकारबाट पर्याप्त सहयोग नपाउँदा स्थानीय तहले सीमित बजेटमै काम गर्नुपर्ने बाध्यता रहेको छ । तथापि, वडाले विकास निर्माणलाई प्राथमिकतामा राख्दै आगामी दिनमा थप पूर्वाधार विस्तार गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ।

सदरमुकाम कुश्मा जोड्ने १४ किलोमिटर लामो रहेको दोविल्ला-सिल्मी-ठुलीपोखरी खौला-कार्किनेटा सडकअन्तर्गत वडा नं १२ ठुलीपोखरीको सिमानासम्म गण्डकी प्रदेश सरकारको सहयोगमा सडक कालोपत्र भए पनि खौलादेखि कार्कीनेटासम्मको झन्डै चार किलोमिटर सडक स्तरोन्नति हुन नसकेपछि वडाकै बजेट उपयोग गरेर कालोपत्र गरिएको अध्यक्ष चापागाईंले जानकारी दिनुभयो।

ठुलीपोखरीदेखिखौलासम्मको झन्डै तीन किलोमिटर सडक अहिले कालोपत्रको काम धमाधम भइरहेको छ । यो सडक मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्गका रूपमा समेत प्रयोग हुँदै आएको छ। रासस


## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## ठेक्का/डाक बढाबढको सूचना

गेरुका धाम मेलाको लागि ठेक्का/डाक बढ़ाबढको सूचना लोहारपट्टी न.पा महोत्तरीको वेवसाईट lohar pattimun.gov.np मा सम्बन्धित सरोकारवालाहरुको लागि राखिएको छ।



## भूमि सुधार तथा मलिपोत कार्यालय गौर, रौतहट
## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही शिव गुलाम पडित कुम्हारको नाम मरुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मरुवा मोही लगतकटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| राम विश्वास राय यादव | रौ. | पथराबुधराम | ९ | ७२४ | ०-७-० |

भगुवा मोही शिव गुलाम पडित कुम्हार मौ. पथरा



## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट
## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जि.ध.गा.वि.स. रघुनाथपुर वडा नं.६ मा वस्ने पल्टु पासमानकी नाती चौठिया पासमानको छोरा वर्ष ५५ को प्रमोद पासमान- १ र ऐ.ऐ.मा बस्ने ऐ.को नाती ऐ.को छोरा वर्ष ५२ को बालेश्वर पासमान-१ समेत २ जनाले हामीहरुको मुल पुरुष पिता चौठिया पासमानको नाउँमा जिल्ला कार्यालयको च.नं. उल्लेख नभएको मिति २०४१/०७/२८ को पत्रले जग्गा रोक्का राखिदिने बारेको व्यहोरा खुलाई जग्गा रोक्का रहेको भन्ने जानकारी प्राप्त भएको सो सम्बन्धमा यस कार्यालयबाट जिल्ला प्रशासन कार्यालय धनुषामा रोक्का विषयमा सोधनी हुँदा त्यस कार्यालयबाट समेत च.नं.१०३७३ मिति २०८३/०१/११ मा जे बुझ्नु पर्ने हो वुझी सार्वजनिक सूचना जारी गरी गर्नुपर्ने भए सो समेत जारी गरी तहाँ कार्यालयबाट नै आवश्यक कारवाहीका लागि पत्र फिर्ता पठाएकोले जे जो बुझ्नु पर्ने बुझी जग्गा फुकुवा गरी पाउँ भनी द.नं.२०५४१ मिति २०८३/०१/२१ को माग निवेदन रहेकोले निवेदकको माग दावी अनुसारको रोक्का जग्गा फुकुवा गर्ने सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्नु भनी मिति २०८३/०१/२१ गतेको आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग दाबी अनुसारको रोक्का जग्गा फुकुवा हुदाँ कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदक वाहेक अन्य कोही व्यक्ति वा संघ सस्थाको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| दर्तावाला | जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| चौठिया पासमान दुसाध | धनुषा | रघुनाथपुर | ६ ख | २३ | ०-४-१४-० | चौठीया पासमान दुसाधको नाउँको सम्पूर्ण जग्गा जिल्ला कार्यालय धनुषाबाट मिति २०४१/०७/२८ को पत्रले रोक्का रहेको। |



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी ३० तिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा नक्टाझिज गा.वि.स. वडा नं.१ हाल मिथिला विहारी नगरपालिका वा.नं.२ मा बस्ने गणेश साह तेली वादी र जिल्ला धनुषा सखुवा महेन्द्रनगर गा.वि.स.वा.नं.१ हाल क्षिरेश्वरनाथ नगरपालिका वा.नं.५ मा बस्ने वासुदेव साहको वुहारी राजेश्वर साहको श्रीमती गिरजा देवी साह सुडी-१ र ऐ.ऐ. बस्ने वासुदेव साहको नाती राजेश्वर साहको छोरा गणेश पुर्वे-१ समेत जना-२ दुई प्रतिवादी भई कार्वाहीयुक्त अवस्थामा रहेका मि.नं.१२२ डा.मि. २०८१/९/१६ गतेको मोही नामसारी र मि.नं.१५९४ डा.मि. २०८१/०९/१६ को मोही जग्गा बाँडफाँड मुद्दामा जिल्ला धनुषा हरिहरपुर गा.वि.स. वडा नं.१ध को कि.नं.६०८ को ०-१-१८-८ ऐऐ कि.नं.६११ को ०-०-१३-० जग्गाको जग्गाधनी गिरिजा देवी साह + गणेश पूर्व समेतको नाउँमा म्याद लिई जाँदा निजको घरमा कोही मान्छेले म्याद बुझ्न नमान्दा ऐ.ऐ.वडाको वडा कार्यालयका वडा सचिव गंगाई महतोलाई बुझाएको र १एक प्रति सार्वजनिक स्थलमा सूचना टाँस गरिएको व्यहोराको प्रतिवेदन सहित म्याद फिर्ता भई आएको हुँदा मिति २०८३/९/१४ गतेमा भएको आदेशानुसार प्रतिवादी जग्गाधनीहरु नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्न लगाउने भनि भएको आदेशानुसार तपाई ज.ध. हरुको नाउँमा यो म्याद सरहको सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतः तपाई जग्गा धनीहरुको संयुक्त नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी तथा बाँडफाँड समेत गरी पाउँ भनि दावी वेहोराको छुट्टा छुट्टै नालिश दिएको हुँदा निज जग्गा धनीहरु भए निजहरु स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफै वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही नामसारी भई बाँडफाँड हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | हरिहरपुर | १घ | ६०८ | ०-१-१८-८ | गिरिजा देवी साह सुडी+गणेश पूर्वे |
| २. | धनुषा | हरिहरपुर | १घ | ६११ | ०-०-१३-० | गिरिजा देवी साह सुडी+गणेश पूर्वे |


# अर्थतन्त्रको उन्नयनका निम्ति काम गर्ने अध्यक्ष श्रेष्ठको प्रतिबद्धता



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको आर्थिक उन्नयनका निम्ति हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

महासङ्घ अध्यक्षको कार्यभार सम्हाल्नुअघि राससमसँग सङ्क्षिप्त कुरा गर्दै उहाँले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो । उद्यमी व्यवसायीका साथै लगानीको सुरक्षा आफ्नो पहिलो प्राथमिकता भएको उहाँले बताउनुभयो । निजी क्षेत्र र सरकारबीचको साझेदारी अपरिहार्य छ भन्दै उहाँले राष्ट्रको समृद्धि आपसी साझेदारीबाटै सम्भव हुने बताउनुभयो।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठ आजदेखि महासङ्घको अध्यक्ष हुनुहुभएको हो । महासङ्घको विधानमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधानअनुसार उहाँले कार्यभार सम्हाल्नुभएको हो।

अध्यक्ष श्रेष्ठ साढे दुई दशकदेखि महासङ्घमा आबद्ध हुनुहुन्छ । उहाँ व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक हुनुहुन्छ। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८३/०१/२४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०८ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/११/११ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०७/०८ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा, मिति २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः चौथो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०६९/०२/२१ मा प्रा.फ.र.नं. २३६४/०६८/०६९ तथा आन्तरीक राजश्व कार्यालय लाहानमा मिति २०६८/१२/२९ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६००४७५८९७ अन्तर्गत दर्ता कायम भएको **उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसल** ।
**प्रोप्राईटर : राम मिलन महतो**

२. सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७२ साल बैशाख महिना १६ गते मा प्रा.फ.र.नं. ४४७४/०७१/०७२ तथा आन्तरीक राजश्व कार्यालय लहानमा मिति २०७२/०१/१६ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०३१६७०८३ अन्तर्गत दर्ता कायम भएको **आदर्श इम्पेरियम** ।
**प्रोप्राईटर : पुष्पा देवी सिंह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. जंगल महतोको नाति, रघुनाथ महतोको छोरा, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **राम मिलन महतो** (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा)। | २. रघुनाथ महतोको बुहारी, राम मिलन महतोको पत्नी, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **पुष्पा देवी सिंह** (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा)। |

**धितोको विवरण**

१. उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** राम मिलन महतो (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. ६१४ को क्षेत्रफल ०-१६-४ (वि.क.धु.) र सिरहा जिल्ला, फुलकहाकट्टी गा.वि.स./न.पा. वडा नं. २ ख स्थित कि.नं. ३६३ को क्षेत्रफल ०-७-१ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३१५५ को क्षेत्रफल ०-०-९१/४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. आदर्श इम्पेरियमको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
५. **ऋणी आदर्श इम्पेरियमको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३३३२ को क्षेत्रफल ०-०-४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०१/३० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/३१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. धितोको विवरणमा उल्लेख भएका धितोहरु धितोबन्धक पत्रअनुसार आंशिक रुपमा समेत सकार गर्न सकिने छ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन : ०३३-५४०५११
Website : www.siddharthabank.com

# भ्रष्टाचार मुद्दामा चारजनाले पाए सफाई

टुडे समाचारदाता

राजविराज । विशेष अदालतले भ्रष्टाचार मुद्दामा उदयपुरको त्रियुगा नगरपालिका–१ स्थित जागृति महिला सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष मिनाकुमारी चौधरीसहित चार जनालाई सफाइ दिएको छ ।




विशेष अदालतका न्यायाधीशत्रय हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले उपभोक्ता समितिका तत्कालीन अध्यक्ष चौधरीसहित सचिव जानकी कुमारी चौधरी, कोषाध्यक्ष निलम चौधरी थारु र लेखापरीक्षक तनुकलाल चौधरीलाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ ।

वन उपभोक्ता समूहको कोषको रकम हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यक्षसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

अख्तियारले अनुसन्धानको क्रममा आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक वनको भवन निर्माण गर्दा प्राविधिक प्रतिवेदनमा ४ लाख ९५ हजार २५१ रुपैयाँ मात्र खर्च भएको देखिए पनि लेखापरीक्षण प्रतिवेदनमा ८ लाख ८ हजार ४५३ रुपैयाँ खर्च भएको देखाई ३ लाख १३ हजारभन्दा बढी रकम हिनामिना गरेको अभियोग लगाएको थियो । आयोगले अध्यक्ष, सचिव र कोषाध्यक्षमाथि कुल ५ लाख १५ हजार ३०२ रुपैयाँ ५८ पैसा बराबरको बिगो दाबी गरेको थियो । उनीहरूले संस्थाको सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हिनामिना गरेको पुष्टि भएको भन्दै आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो असुल उपर गरी कैद र जरिवानाको मागदाबी गरेको थियो ।

# विभेद गरिएको उपप्रमुखको गुनासो

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको शहिदनगर नगरपालिकाकी उपप्रमुख सुनिता सिंहले आफ्नो कार्यकक्षमा आधारभूत सुविधा अभाव रहेको भन्दै असन्तुष्टि जनाएकी छिन् ।




बुधवार नगरपालिकाको १४ औँ नगरसभाको आयोजित हिउँदे अधिवेशनमा बोल्दै उनले नयाँ प्रशासनिक भवनमा आफूलाई विभेद गरिएको आरोप लगाइन् ।

उनले नगर प्रमुख तथा अन्य पुरुष कर्मचारीका कार्यकक्षमा 'अट्याच्ड बाथरुम टा'यलेट'को व्यवस्था भए पनि आफ्नो कार्यकक्षमा भने टा'यलेट र आवश्यक फर्निचर नरहेको गुनासो पोखिन् ।

'म बस्ने कोठामा न टा'यलेट छ, न टेबुल । महिला भएकै कारण मलाई विभेद गरिएको जस्तो लाग्छ,' उनले भनिन् । उपप्रमुख सिंहले आफ्नो कार्यकक्षको अवस्थाबारे आगन्तुकलेसमेत प्रश्न गर्ने गरेको उल्लेख गर्दै असहज अवस्था भोग्नुपरेको बताइन् ।

'जो कोही आउने टेबुल कहाँ छ भनेर सोध्छन्, म अहिले बनिरहेको छ भनेर जवाफ दिन्छु,' उनले सुनाइन् ।

यद्यपि, उनले पदभन्दा सेवा महत्वपूर्ण भएको उल्लेख गर्दै आवश्यक परे आफू भुइँमै बसेर पनि काम गर्न तयार रहेको प्रतिक्रिया दिइन् । 'मेरो कोठामा टेबुल कुर्सी नभए पनि म काम गर्न सक्छु । बरु अन्यत्र आवश्यक छ भने मेरो कोठाको सामग्री लैजान सकिन्छ,' उनले थपिन् ।

केही दिनअघि मात्रै शहिदनगर नगरपालिकाको कार्यालय नयाँ निर्माण गरिएको प्रशासनिक भवनमा सरेको हो । यसअघि नगरपालिकाले भाडाको भवनबाट सेवा प्रवाह गर्दै आएको थियो ।

# जेठ ६ र ७ गते बर्दिबासमा कांग्रेसको भेला

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले मधेश प्रदेश सहित देशका सातवटै प्रदेशमा स्थानीय तह केन्द्रित प्रदेश स्तरीय भेला गर्ने भएको छ ।



प्रतिष्ठानका प्रमुख एवं पार्टी उपसभापति विश्वप्रकाश शर्माले बुधबार केन्द्रीय कार्यालय सानेपामा आयोजित कार्यक्रममा सो कुराको जानकारी दिएकाछन् । शर्माले प्रस्तुत गरेको तालिका अनुसार ती प्रदेशस्तरीय भेला वैशाख २६ गते धनगढीबाट सुरु भए जेठ १५ गते रुपन्देहीमा अन्तिम हुने उल्लेख छ । कार्यतालिका अनुसार जेठ ६ र ७ गते मधेश प्रदेश स्तरीय भेला महोत्तरीको बर्दिबासमा हुनेछ । यस्तै सुदूरपश्चिम प्रदेशस्तरीय भेला वैशाख २६ र २७ गते धनगढीमा, वैशाख २८ र २९ गते कर्णाली प्रदेशस्तरीय भेला सुर्खेतमा, वैशाख ३१ र जेठ १ गते गण्डकी प्रदेशस्तरीय भेला पोखरामा आयोजना हुने भएको छ ।

यस्तै जेठ ४ र ५ गते बागमती प्रदेशस्तरीय भेला धुलिखेल, जेठ ८ र ९ गते कोशी प्रदेशस्तरीय भेला सुनसरीको लौकहीमा र जेठ १४ र १५ गते लुम्बिनी प्रदेश स्तरीय भेला रुपन्देहीको तिलोत्तमामा हुने भनिएको छ ।

# आफ्नो ज्यान खतरामा रहेको मिश्रको दाबी




टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको जनकपुरधामस्थित कटैया-चौरीकी रोशनी झा मृत भेटिएको प्रकरण धनुषा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ ।

जनकपुरधाम उपमहानगरपालिका–४मार्पनेकटैया-चौरी घर भएकी रोशनीको हत्या आरोपमा पति प्रशान्त मिश्रलाई पुर्पक्षका लागि थुनामा छन् ।

यसै क्रममा प्रशान्त मिश्रका पिता तथा मृतक रोशनीकी ससुरा रुद्रप्रकाश मिश्रले आफूहरु दुवै पक्ष यस घटनाबाट विक्षिप्त रहेको बताएका छन् । जनकपुरधाममा बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै मिश्रले सो घटनापछि आफूमाथि ज्यानमार्नेसम्मको धम्कीहरु बारम्बार आउने गरेको बताउँदै उनले आफू नो रक्षाका लागि सरोकारवालासँग समेत माग गरे ।

उनले आफ्नो बुहारीको हत्या भएपछि उनको माइती पक्षका आफन्तजनले पटकपटक सरसम्पत्तिको माग गर्दै ज्यानमार्नेसम्मको धाकधम्की दिने गरेको बताए । तर आफू दुई नातिको उज्ज्वल भविष्यका लागि गम्भीर रहेकाले सो सम्पत्ति उनीहरुको परवरिशमा खर्चिने र आफ्नो छोरा जेलमा रहेकाले बुढेसकालमा दयनिय अवस्थाबाट गुज्रिनु परेको बताए । उनले आफू माथि हातपात गर्ने गरेको, धम्की दिने गरेकाले मार्ने खतरा रहेकोले आफ्नो ज्यानको खतरा रहेकाले ती बालबालिकाको परवरिशमा सो सम्पत्ति खर्चिन र बालबच्चाके हकभोगमा रही कसैले पनि कुनै पनि नाममा बिक्रीवितरण गर्न नपाउने गरी व्यवस्था गरिदिन आग्रह गरे ।

रोशनी मृत्यू प्रकरणपछि माइती र मामा गाउँको सम्पत्तिकै कारण अहिले रोशनीको माइतपक्षकाहरु विभिन्न खाले जालभेल गरिरहेको आरोप समेत उनले लगाए ।

# बेपत्ता बालिका भारतमा फेला परिन्



टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जबाट बेपत्ता भएकी दुई बालिका भारत बिहार राज्यको छपरा रेल्वे स्टेशनमा फेला परेकी छिन् । गत दुई दिनअघि वीरगञ्जको घडिअर्वाबाट बेपत्ता भएकी ती बालिका नाव्या सहनी र आर्या गुप्तालाई छपरा रेलवे स्टेशनमा भारतीय प्रहरीले फेला परेका हुन् ।

सकुशल फेला परेकी ती बालिकाहरूलाई अभिभावकलाई जिम्मा लगाइएको मिडिया रिपोर्टमा उल्लेख गरिएको छ । बालिका बेपत्ता भएपछि खोजी कार्य तीव्र पारिएको थियो । खोजीकै क्रममा भारतीय प्रहरीसँग समन्वय गरेपछि दुवै बालिकाको अवस्थाबारे जानकारी प्राप्त भएको थियो । भारतीय प्रहरीले छपरा रेलवे स्टेशनबाट उनीहरूलाई उद्धार गरी सुरक्षित नियन्त्रणमा लिएको बताइएको छ ।

उद्धारपछि आवश्यक प्रक्रिया पूरा गरी भारतीय प्रहरीले बालिकालाई परिवारको जिम्मा लगाएको जनाइएको छ । घडिअर्वाका युवा नेता लखन गुप्ता र आर्याका काका लालबाबु कानुनाई जिम्मा लगाएपछि उनीहरू सकुशल घर फर्किएका छन् ।

# मानवअधिकार रक्षकले सबैको हितमा लाग्न आग्रह

टुडे समाचारदाता

जनकपुरधाम । महिला बालबालिका तथा सामाजिक न्याय समितिका प्रमुख रुपा यादवले मानवअधिकार रक्षकहरुको अवस्था दयनिय रहेको बताएकी छन् ।




जनकपुरधाममा बुधबार मानव अधिकार रक्षकको अवस्था तथा सवाल र सरोकारवालाहरुको भूमिका विषयक छलफल कार्यक्रममायादवलेमानवअधिकार रक्षकको अवस्था निकै दयनिय रहेकाले यसप्रति सम्बन्धित निकाय गम्भीर हुनु पर्ने बताएकी छन् । उनले मानवअधिकार क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षकहरुले कुनै पनि राजनीतिक दलको बढाइचढाइ नगरी आम नागरिकको मुद्दा उठाउन आग्रह गरिन् । उनले मानवअधिकार रक्षकहरुलाई सबैको हितमा काम गर्न आग्रह गरिन् ।

साथ साथ सिकाइ सञ्जालका अध्यक्ष रिंकु साहको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले मानवअधिकारको अवस्थामा सुधार भएमा मानवअधिकार रक्षकहरुको अवस्था पनि सम्बन्ध सुमधुर हुने बताए ।

त्यस्तै जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले मानवअधिकारको पक्षमा काम गर्नेहरु आफूलाई कुनै पनि दलको छत्र छायामा नरहन आग्रह गरे ।

# पोषण लेखाजोखा अभियान सञ्चालन



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकालेबालबालिकामा कुपोषणको अवस्था पहिचान गर्न 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सञ्चालन गरेको छ ।

'समयमै पहिचान, सही उपचार कुपोषण मुक्त पुस्ताको आधार' भन्ने मूल नारासहित ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाका लागि सुरु गरिएको यो अभियान बैशाख ३० गतेसम्म सञ्चालन हुने जनाइएको छ ।

उपमहानगरपालिका अन्तर्गतका २५ वटै वडामा रहेका २६ वटा स्वास्थ्य संस्थामार्फत बालबालिकाको पोषण अवस्था परीक्षण गरिनेछ । अभियानमार्फत बालबालिकामा देखिन सक्ने कुपोषणको समस्या समयमै पहिचान गरी आवश्यक उपचार सेवा सुनिश्चित गर्ने लक्ष्य राखिएको सामाजिक महाशाखाले जनाएको छ ।

स्वास्थ्यकर्मीहरू गाउँ टोलमै पुगेर बालबालिकाको पोषण जाँच गर्ने व्यवस्था मिलाइएको छ । उपमहानगरपालिकाले अभिभावकहरूलाई आफ्ना बालबालिकाको पोषण परीक्षण अनिवार्य रूपमा गराउन आग्रह गरेको छ ।

बैशाख ३० गतेसम्म स्वास्थ्यकर्मीहरू समुदायमा पुग्दा बालबालिकालाई जाँच गराउन नछुटाउन अनुरोध गरिएको छ । थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासँग सम्पर्क गर्न पनि उपमहानगरपालिकाले आग्रह गरेको छ ।

# सीमावर्ती भारतीय बजारमा हुण्डीको जालो

टुडे समाचारदाता

रौतहट । रौतहट र बाराका नेपालीहरूको भारतीय बजारको रुपमा रहेको घोडासहनमा अवैध आर्थिक गतिविधि हुण्डीको ठूलो कारोबार भइरहेको तथ्य भारतीय प्रहरीले उजागर गरेको छ ।



संगठित हवाला र मनी लाउन्डरिङ सञ्जालमाथि कारबाही गर्दै प्रहरीले ७० लाखभन्दा बढी भारतीय तथा नेपाली मुद्रा बरामद गरेको हो। कारोबारमा संलग्न ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोतिहारी प्रहरीलाई प्राप्त गोप्य सूचनाका आधारमा परिचालित विशेष टोलीले योजनाबद्ध छापामारी गर्दा ५६ लाख ७१ हजारभन्दा बढी भारतीय रुपैयाँ र १३ लाख ६७ हजारभन्दा बढी नेपाली रुपैयाँ नगद फेला पारेको जनाएको छ ।

मोतीहारी प्रहरी प्रमुख एसपी सुवर्ण प्रभातका अनुसार घटनास्थलबाट कम्प्युटर, नोट गन्ने मेसिन, दुई वटा पीओएस मेसिन, ११ थान मोबाइल तथा बैंकिङ कारोबारसँग सम्बन्धित विभिन्न सामग्री समेत जफत गरिएको छ ।

कारबाहीका क्रममा कारोबारी सुरेन्द्र प्रसाद, प्रेम सागर कुमार, गंगा सागर कुमार र विक्रम कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानले उनीहरू बाहिरी रूपमा सामान्य व्यापारको आवरणमा भित्रैबाट अवैध मुद्रा कारोबार र हवाला नेटवर्क सञ्चालन गर्दै आएको देखिएको प्रहरीको भनाइ छ ।

अनुसन्धानमा संलग्न अधिकारीका अनुसार उक्त गिरोहले भारतीय र नेपाली मुद्राको साटासाटको नाममा करोडौं रुपैयाँ बराबरको गैरकानुनी कारोबार गर्दै आएको खुलेको छ। 'म्युल अकाउन्ट', ट्रेडिङ एप, क्रिप्टो एक्सचेन्ज र यूएसडीटी जस्ता डिजिटल माध्यम प्रयोग गरी रकम ओसारपसार गर्ने गरिएको समेत फेला परेको छ ।

भारतीय प्रहरीका अनुसार एक वित्तीय खातामार्फत करिब ६ मिलियन यूएसडीटी (झन्डै ५० करोड रुपैयाँ बराबर) को कारोबार भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ जफत गरिएका मोबाइलहरूमा बहुविध बैंक खाता, ई-केवाईसी दुरुपयोगसम्बन्धी एप्स तथा अन्तर्देशीय आर्थिक कारोबारका प्रमाण समेत भेटिएका छन् ।

यो अपरेसन मोतिहारी जिल्ला प्रहरी एसपी प्रभातको प्रमुखको निर्देशनमा साइबर डीएसपी अभिनव परासरको नेतृत्वमा सञ्चालन गरिएको थियो । अनुसन्धानका क्रममा उक्त सञ्जालको पहुँच अन्तर्राष्ट्रिय तथा अन्तर्राज्यीय स्तरसम्म फैलिएको आशंका गरिएको छ ।

# बलात्कार आरोपीलाई जन्मकैदको सजाय

टुडे समाचारदाता

जनकपुरधाम । सात वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालत धनुषाले एक जनालाई जन्मकैदको सजाय सुनाएको छ ।




जिल्ला अदालत धनुषाका न्यायाधीश कपिलमणि गौतमको इजलासले मिथिला बिहारी नगरपालिका–१० ठेरा रामनगरका १९ वर्षीय पप्पु मण्डललाई जन्मकैदको फैसला सुनाएको हो ।

अदालतका अनुसार २०७८ फागुन २८ गते भएको घटनामा मण्डलले सात वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको ठहर गरिएको छ । सोही कसुरमा पीडित बालिकालाई क्षतिपूर्तिस्वरूप तीन लाख रुपैयाँ उपलब्ध गराउन पनि आदेश दिइएको छ ।

फैसलामा प्रतिवादी मण्डलले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) अन्तर्गतको कसुर गरेको ठहर गरिएको उल्लेख छ । उक्त संहिताको दफा २१९(३)(क) अनुसार पीडित १० वर्षभन्दा कम उमेरकी भएकाले जन्मकैदको सजाय गरिएको हो ।

अदालतका अभिलेख अनुसार मण्डलले भोजबाट फर्किँदै गरेकी बालिकालाई घर पुऱ्याइदिने बहानामा साइकलमा राखी गाउँबाहिर खेतमा लगेर जबरजस्ती करणी गरेका थिए । मुद्दाको सुनुवाइका क्रममा पीडितको बकपत्र, प्रत्यक्षदर्शीको बयान, घटनाक्रम, प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय परीक्षणबाट प्राप्त प्रमाणका आधारमा अदालतले कसुर प्रमाणित गरेका हुन् ।

आगलागी
सानो आगो भनी बेवास्ता नगर,
क्षणमै हुन सक्छ खरानी ठूलो घर
ध्यान दिऔं, सजग रहौं,
आगलागीबाट जीवन सुरक्षित बनाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८